# जैतुन खेतीको उत्पादन तथा रोजगारीको विश्लेषण

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग,
स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेष्टरको आंशिक
आवश्यकता परिपूर्तिको लागि प्रस्तुत

## शोधपत्र


प्रस्तुतकर्ता

चन्द्रा कुमारी रेग्मी

स्नातकोत्तर तह (एम.एड.), चौथो सेमेष्टर

परीक्षा रोल नं. : ७४२८३५२

भर्ना वर्ष : २०७४

त्रि.वि. दर्ता नं. : ९-२-२९-७२८-२०११



त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र केन्द्रीय विभाग

अर्थशास्त्र शिक्षा विभाग

कीर्तिपुर काठमाडौं

२०७९



जैतुन खेतीको उत्पादन तथा रोजगारीको विश्लेषण चन्द्रा कुमारी रेग्मी २०७९

# जैतुन खेतीको उत्पादन तथा रोजगारीको विश्लेषण

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग,
स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेष्टरको आंशिक
आवश्यकता परिपूर्तिको लागि प्रस्तुत

## शोधपत्र

प्रस्तुतकर्ता
चन्द्रा कुमारी रेग्मी
स्नातकोत्तर तह (एम.एड.), चौथो सेमेष्टर
परीक्षा रोल नं. : ७४२८३५२
भर्ना वर्ष : २०७४
त्रि.वि. दर्ता नं. : ९-२-२९-७२८-२०११

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र केन्द्रीय विभाग
अर्थशास्त्र शिक्षा विभाग
कीर्तिपुर काठमाडौं
२०७९

# सिफारिस पत्र (Recommendation Letter)

त्रिभुवन विश्वविद्यालय केन्द्रीय विभाग अन्तर्गत अर्थशास्त्र शिक्षा विषयमा स्नातकोत्तर तह चौथो सेमेष्टरको आंशिक आवश्यकता परिपूर्तिका लागि "जैतुन खेतीको उत्पादन तथा रोजगारीको विश्लेषण" शीर्षकको शोधपत्र मेरो निर्देशन, सुझाव एवम् सल्लाहमा शोधार्थी छात्रा चन्द्रा कुमारी रेग्मीले तयार पार्नु भएको हो । उक्त शोधपत्र स्वीकृतको लागि सिफारिस गर्दछु ।

....................................

डा. सूर्य बहादुर थापा

शोध निर्देशक

शिक्षाशास्त्र केन्द्रीय विभाग

अर्थशास्त्र शिक्षा केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर काठमाडौं

मिति : २०७९/०५/१५

# स्वीकृति पत्र (Approval Sheet)

त्रिभुवन विश्वविद्यालय केन्द्रीय विभाग अन्तर्गत अर्थशास्त्र शिक्षा विषयमा स्नातकोत्तर तह चौथो सेमेष्टरको आंशिक आवश्यकता परिपूर्तिका लागि "जैतुन खेतीको उत्पादन तथा रोजगारीको विश्लेषण" शीर्षकको शोधपत्र अर्थशास्त्र शिक्षा स्नातकोत्तर उपाधिका लागि स्वीकृत गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

१. विष्णु बहादुर लुइटेल (विभागीय प्रमुख) ........................

२. प्रा. नुरजङ्ग के.सी. (बाह्य परीक्षक) ........................

३. सूर्य बहादुर थापा (आन्तरिक सुपरीवेक्षक) ........................

४. उप प्रा. पद्मा कोइराला (डि.आर.सी.) ........................

मिति : २०७९/०७/२८

# कृतज्ञताज्ञापन (Acknowledgement)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग, स्नातकोत्तर तह (एम..एड.) चौथो सेमेष्टरको आंशिक आवश्यकता परिपूर्तिका लागि बाजुरा जिल्ला बुदिनन्दा नगरपालिका वडा नं. १ र जगनाथ गाउँपालिका १ र २ मा गरिएको जैतुन खेतीको उत्पादन र रोजगारीको विश्लेषण शीर्षक भएको शोधपत्र प्रस्तुत गरेकी छु । सर्वप्रथम शोधपत्र प्रस्तावना स्वीकृत गरी शोधपत्र लेख्ने सुअवसर प्रदान गर्नुहुने अर्थशास्त्र शिक्षा विभागका आदरणीय गुरु प्रा.डा. सुर्य बहादुर थापा ज्यूप्रति सदैव आभारी छु । यस शोधपत्रले यो क्षेत्रसाग सम्बनिध्त विषयमा जानकारी लिन इच्छुक व्यक्ति अनुसन्धानकर्ता नीति निर्माताहरुसँग सहयोग पुग्ने छ भन्ने मैले आशा लिएकी छु ।

शोधपत्रलाई सार्थक र उपलब्धीमूलक बनाउन शोधपत्र प्रस्तावना देखि शोधपत्रको अन्त्यसम्म निरन्तर रुपमा सहज, सरज ढंगबाट अमूल्य सल्लाह, सुझाव, प्रेरणा, हौसला र कुसल निर्देशन दिई सद्भावपूर्ण सहयोग गर्नुहुने अर्थशास्त्र शिक्षा विभागका आदरणीय गुरु तथा शोध निर्देशक प्रा.डा. सुर्य बहादुर थापा लगायत विभागका सम्पूर्ण गुरुहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अनुसन्धानका लागि गरिएको स्थलगत अध्ययनका क्रममा मलाई आवश्यक सूचना तथा तथ्यांकहरु खुलस्त रुपमा प्रश्नको उत्तर दिई सहयोग गर्नु हुने कार्की जैतुन फर्म, जैतुन कृषि सहकारी फर्म र जनप्रकाश उ.मा.वि. कृषि जैतुन फर्मका व्यवसायी तथा श्रमिहरुप्रति धन्यवाद दिन चाहान्छु । साथै शोधपत्र तयार गर्दा सम्मका लागि सल्लाह, सुझाव प्रेरणा र प्रोत्साहन दिई विश्वविद्यालयसम्मको अध्ययन पूरा गर्न सहयोग गर्ने सम्पूर्ण आफन्तजनमा आभार व्यक्त गर्दछु ।

**शोधकर्ता**

**चन्द्रा कुमारी रेग्मी**

**बुढीनन्दा-५, बाजुरा**

मिति : २०७९/०५/१५

# सारसंक्षेप (Abstract)

जैतुन खेती एकपटक रोपेपछि २० औं वर्षसम्म उत्पादन दिने तेलहन बाली हो । यस शोधपत्रको साधारण उद्देश्य जैतुन खेतीको उत्पादन र रोजगारीको विश्लेषण गर्नु रहेको छ । यस शोधपत्रको नमुना छनोटमा परेको बाजुरा जिल्ला बुदिनन्दा नगपालिका वडा नं. १ र जगनाथ गाउँपालिका वडा नं. १ र २ स्थित रहेको तिनओटा जैतुन फर्म क्रमशः काकीृ जैतुन फर्म, जैतुन सहकारी फर्म र जनप्रकाश उ.मा.वि. कृषि जैतुन फर्मको वर्तमान जैतुनको उत्पादन र रोजगारीको अवस्थालाई विश्लेषण गर्ने त्यसको आम्दानी र नाफालाई तुलनात्मक विश्लेषण गर्न, यस अधयनको विशिष्ट उद्देश्यहरु रहेका छन् ।

शोधपत्रको उद्देश्य पूरा गर्न परिमाणात्मक र गुणात्मक दुवै ढाँचाको प्रयोग गरी प्राथमिक र द्वितीय स्रोतको माध्यमबाट तथ्यांक संकलन गरी प्राप्त तथ्यांकलाई आवश्यकता अनुसार तालिकाको माध्यमबाट विश्लेषण गरिएको छ । २ वटा प्रश्नावली तयार गरी जैतुन फर्मका व्यवसायी र परिवारसँग प्रत्यक्ष सोधेर गरिएको थियो भने अवलोकन सूची र छलफल निर्देशिकाको माध्यमबाट प्रत्यक्ष अवलोकन गर्ने कार्य पनि प्राथमिक तथ्यांक संकलन गर्नृ क्रममा गरिएको थियो जसका लागि उद्देश्यमूलक नुमना छनोटका आधारमा बाजुरा जिल्ला बुदिनन्दा नगरपालिका वडा नं. १ र जगनाथ गाउँपालिका वडा नं. १ र २ मा रहेका जैतुन फर्महरु मध्ये सम्भावना युक्त नमुना छनोट विधि अन्तर्गत २५% हुने गरी चिठ्ठा प्रणालीबाट ३ ओटा जैतुन फर्मलाई छनोट गरिएको थियो । अध्ययनलाई सहज बनाउन द्वितीय तथ्यांक स्रोतको रुपमा कृषि मन्त्रालय, जि.वि.स.को कार्यालय, जिल्ला कृषि कार्यालय, जैतुन जोन केन्द्र बाजुरा, वार्षिक प्रर्षत प्रतिवेदन तथा जैतुन खेती प्रविधि पुस्तिकाहरु, जैतुन सम्बन्धी विभिन्न व्यक्तिका लेख रचना, पत्रपत्रिका र अन्य प्रकाशित र अप्रकाशित तथ्यांकलाई आधार मानिएको छ ।

यस अध्ययनको नमुना छनोटमा परेका तिन ओटा फर्म मध्ये जनप्रकाश उ.मा.वि. जैतुन कृषि फर्म २०५२ सालबाट र अन्य दुई ओटा क्रमशः २०७०/२०७२ बाट जैतुन खेती व्यवसाय सञ्चालन गरेको पाइयो ।

२०५२ सालमा नेपाल सरकार र इटली सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा जनप्रकाश मा.वि.को ३ हेक्टर क्षेत्रफलमा केही जङ्गली र केही आधुनिक जातका गरी जम्मा ७०० ओटा बिरुवा रोपेर नेपालमा जैतुन खेतीको सुरुवात गरेको पाइयो ।

अन्य दुईओटा फर्ममध्ये कार्की जैतुन फर्ममा जनप्रकाश उ.मा.वि.बाट ५० ओटा आधुनिक प्रजातिका बिरुवा लगेर ०.५ हेक्टर आफ्नै भिरालो जमिनमा जैतुन खेती सुरु गरिएको पाइयो । त्यसैगरी २०७२ बाट जैतुन कृषि सहकारीले समूहका सदस्यहरुको आ-आफ्नो जमिन कुल १ हेक्टर क्षेत्रफलमा १५० ओटा बिरुवा रोपेर खेती सञ्चालन गरेको पाइयो ।

अध्ययन गरिएका फर्महरुमा जैतुनका २८ ओटा जातहरु मध्ये नेपालमा सफल भएका जातहरु : अस्कोलाना, तोचेलारा, कोराहिना, लेचिनो, पेण्डोलिनोका बिरुवा लगाएको पाइयो ।

स्थलगत सर्वेक्षणका आधारमा जैतुन फर्ममा सिंचाई सुविधा भएको ठाउँमा माघ-फागुन देखि साउन-भदौसम्म बिरुवा लगाउन सकिने र सुक्खा क्षेत्रमा जेठ महिना पछि बिरुवा रोप्न सकिने र जैतुनको फल साउन-भदौमा विया छिपिन्छ र असोज-कार्तिकमा पाक्ने र टिप्न योग्य हुने जानकारी प्राप्त भयो ।

काकि जैतुन फर्मको वर्तमान अवस्थालाई विश्लेषण गर्दा १ हेक्टर क्षेत्रफलमा ११० ओटा जैतुनका बिरुवा रहेको र २०७० सालदेखि कैही बिरुवाले उत्पादन सुरु गरेको र केही नयाँ बिरुवा रोपेर व्यवसायिक खेती सुरुवात गरेको पाइयो भने २०७४ सालमा ५५० केजी फल उत्पादन र ११० लिटर उच्च गुणस्तरको तेल उत्पादन गरेको पाइयो । त्यसैगरी २०७५ मा ३० केजी फल उत्पादन ७० लिटर तेल उत्पादन गरेको पाइयो र २०७६ मा ७७० केजी फल उत्पादन र १५८ लिटर तेल उत्पादन भएको पाइयो ।

तिन ओटा फर्मको पारिवारिक विवरण हेर्दा कार्कि फर्ममा ७ जना जसमा ४ पुरुष ३ महिना जसमध्ये  ५ जना आधारभूत तहको शिक्षा प्राप्त गरेका र २ जना माध्यकि तहको शिक्षा प्राप्त गरेको पाइयो । जैतुन कृषि सहकारीमा सदस्य संख्या ७० जना रहेका छन् जसमा २५-६० वर्ष उमेरसमूहका व्यक्तिहरुसंलग्न छन्, जसमा ४० महिला ३० पुरुष रहेका

छन् । त्यसमध्ये ५० जना साक्षर र २० जना निरक्षर भएको पाइयो । जनप्रकाश उ.मा.वि.मा भने संस्थागत रुपमा व्यक्तिहरुको संलग्नता रहेको पाइयो ।

अध्ययनको नमुना छनोटमा परेका फर्महरुले आफ्नो जग्गामा मात्र जैतुन खेती गरिउको पाइयो भने सामान्य लगानीमा खेती सुरु गरिएको व्यवसायीहरुसँगको अन्तरक्रियाको माध्यमबाट पत्ता लगाइयो ।

नमुना छनोटमा परेका फर्महरुको रोजगारीको अवस्थालाई हेर्दा कार्की जैतुन फर्ममा २०७४ सालमा आंशिक श्रमिक ४५ जना र घरपरिवारका सदस्य ५ जना संलग्न र्भ २० दिनमा १४० घण्टा प्रति श्रमिक २५० ज्याला दिइने गरी जम्मा ११,२५० रुपैया ज्याला वापत खर्च गरेर उत्पाद गरेको पाइयो । २०७५ सालमा आंशिक श्रमिक १५ जना र घर परिवारका ५ जना संलग्न भई ७ दिनमा ९८ घण्टा प्रति श्रमिक ३०० ज्याला दिने गरी जम्मा ४५०० रुपैयाँ खर्च गरी उपलब्ध गरेको पाइयो भने २०६ मा आंशिक श्रमिक ७० जना लगाएर ३० दिनमा २१० घण्टा प्रति श्रमिक ७०० रुपैयाँ ज्याला दिई उत्पादन गर्ने गरेको पाइयो ।

जैतुन कृषि सहकारी फर्मको रोजगारीको अवस्थालाई हेर्दा २०७४ सालमा २५ जना आंशिक श्रमिकमा संलग्न भई १० दिनमा १७५ घण्टा प्रति श्रमिक २५० ज्याला दिइने गरी जम्मा ७२५० रुपैयाँ ज्याला वापत खर्च गरी उत्पाद गरेको पाइयो । त्यसैगरी २०७५ सालमा १३ जना आंशिक र अरु सहकारिका सदस्य संलग्न भई प्रति श्रमिक ३०० ज्याला दिई कुल ३,९०० रुपैयाा खर्च गरी उत्पादन गरेको पाइयो भने २०७६ मा आंशिक श्रमिक ३४ जना र सहकारिका सदस्यहरुको सहभागितामा १५ दिनमा ३३८ घण्टा प्रतिश्रमिक ७०० ज्याला दिइने गरी कुल २३,८०० लागतमा उत्पादन गरेको पाइयो ।

जनप्रकाश उ.मा.वि.को रोजगारको अवस्थालाई हेर्दा २०७४ सालमा आंशिक श्रमिक ७० जना र पूर्ण रुपमा ७ जना श्रमिक रहेको पाइयो भने आंशिक श्रमिकले १५ दिनमा ४२० घण्टा प्रति श्रमिक ५०० ज्याला दिई कुल ३०,००० लागत लागेको र पूर्ण रुपमा काम गर्ने श्रमिकहरुलाई प्रतिमहिना १३५०० का दरले वार्षिक ९४५०० बराबर कुल लागत लागेको पाइयो । त्यसैगरी २०७५ सालमा ४५ जना आंशिक र ७ जना पूर्ण रोजगार मध्ये आंशिकले ७ दिनमा ३१५ घण्टा प्रति ७०० ज्याला दिइने गरी कामदार लगाइएको भने पूर्ण

रोजगार गर्ने श्रमिकलाई ९४५०० बराबर लागत लागेको पाइयो । २०७६ मा आंशिक श्रमिक ९० जनाले ९९ दिनमा २९७० घण्टा प्रतिव्यक्ति १२०० का दरले ज्याला दिइने गरी लगाइएको पाइो भने वार्षिक रुपमा काम गर्ने श्रमिकलाई प्रति महिना १५३०० का दरले १०,७१०० बराबरको लागत लागेको पाइयो ।

कार्की जैतुन फर्मले३ वर्षमा ३२८ लिटर तेल उत्पादन गरेको पाइयो । त्यसैगरी जैतुन कृषि फर्मले २ वर्षमा १३१ लिटर तेल उत्पादन गरेको पाइयो र जनप्रकाश उ.मा.वि.ले ३ वर्षमा १२०६५ लिटर उत्पादन गरेको पाइयो ।

३ ओटा फर्मको खर्च नाफा र आम्दानीको अवस्थालाई हेर्दा कार्की फर्मले ३ वर्षमा कुल खर्चरु. ६४७५० गर्दा जम्मा आय रु.६८७००० र नाफा रु.६२२२५० गरेको पाइयो । त्यसैगरी जैतुन सहकारी फर्मले ३ वर्षमा कुल खर्च रु.३३,९५० गरी आय रु. ३९३००० र नाफा रु. ३५९।०५ भएको पाइयो ।जनप्रकाश उ.मा.वि. कुल खर्च रु.३७४१००, आय रु. ३६१९५००० र नाफा रु. ३५,८२०,९०० भएको पाइयो ।

जैतुन खेती कम लागतमा र अन्य बाली उत्पादन नहुने भिरालो जमिनमा लगाएर व्यवसायिक रुपमा सञ्चालन गर्न सकिने खेती भएता पनि प्रचार प्रसार अभाव र विभिन्न प्राविधिक समस्याका कारण व्यवसायिक रुपमा सफल हुन नसकेको पाइयो ।

# विषय सूची (Table of Contents)


सिफारिस पत्र (Recommendation Letter) ii

स्वीकृति पत्र (Approval Sheet) iii

कृतज्ञताज्ञापन (Acknowledgements) iv

सारसंक्षेप (Abstract) v

विषय सूची (Table of Contents) ix

तालिका सूची (List of Tables) xii

चित्र सूची (List of Figures) xiv

**अध्याय एक (Chapter One)**

**१. परिचय (Introduction) १–११**

१.१. अध्ययनको पृष्ठभूमि (Background of the Study) १

१.२ समस्याको कथन (Statement of the Problem) ८

१.३ अध्ययनको उद्देश्य(Objectives of the Study) ९

१.४ अनुसन्धान प्रश्न (Research Questions) ९

१.५ अध्यनको महत्व (Significance of the Study) ९

१.६ अध्ययनको सीमा(Limitations of the Study) १०

१.७ अध्ययनको संगठन (Organization of the Study) १०

**अध्याय दुई (Chapter : Two)**

**२. सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक ढाँचा (Review of Related Literature and Theoretical Framework) १२–२१**

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन (Review of the Related Literature) १२

२.२ अनुसन्धानात्मक साहित्यको पुनरावलोकन (Review of the Research Literature) १५

२.३ साहित्यको पुनरावलोकन अध्ययनको उपादेगिता (Implication of the Review of the Research) १९

२.४ अनुसन्धान अन्तर (Research Gap) २०

२.५ कार्यात्मक ढाँचा (Functional Framework) २१

## अध्याय : तिन(Chapter Three)


**३. विधि र प्रक्रियाहरु (Method and Procedures) २२–२६**

३.१ अनुसन्धान ढाँचा (Research Design) २२

३.२ तथ्याङ्कको स्रोत (Sources of Data) २२

३.२.१ प्राथमिक स्रोत (Primary Sources) २२

३.२.२ द्वितीय स्रोत (Secondary Sources) २३

३.३ जनसङ्ख्या, नमुना आकार र नमुना छनोट रणनीति (Population, Sample Size and Sampling Strategy) २३

३.३.१ जनसङ्ख्या (Population) २३

३.३.२ नमुनाको आकार (Sample Size) २३

३.३.३ नमुना रणनीति (Sample Strategy) २३

३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया (Data Collection Procedure) २४

३.५ तथ्याङ्क सङ्कलनका साधनहरु (Tools of Data Collection) २४

३.५.१ प्रश्नावली (Questionnaire) २४

३.५.२ अवलोकन फाराम (Observation Form) २४

३.६ तथ्याङ्क सङ्कलन प्रक्रिया (Data Collection Techniques) २४

३.६.१ अन्तर्वार्ता (Interview) २५

३.६.२ लक्षित समूह छलफल (Focus Group Discussion) २५

३.७ मुख्य शब्दावलीको अर्थ(Definitions of the Key Terms) २५

३.८ तथ्याङ्क विश्लेषण(Data Analysis) २६


## अध्याय चार (Chapter Four)


**४. तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण (Analysis and Interpretation of Data) २७–५६**

४.१ बाजुरा जिल्लाको परिचय (Introduction to Bajura District) २७

४.१.१. बाजुरा जिल्लाको भौगोलिक अवस्था (Geographical Situation) २८

४.१.२ जनसंख्याको अवस्था (Population Condition) २८

४.१.३ जातिगत विवरण (Caste Description) २८

४.१.४ शैक्षिक अवस्था (Educational Status) २९
४.१.५ आर्थिक सामाजिक अवस्था (Socio-economic Status) ३०
४.२ जैतुन व्यवसायीको पारिवारिक विवरण (Details of Olive Farmers Family) ३१
४.२.१ जतैन फर्मको वर्तमान अवस्था (Current Situation of Olive Firm) ३२
४.२.२. जैतुनका प्रकार (Types of Olive) ३२
४.२.३ जैतुन फर्मको उत्पादन विश्लेषण (Production Analysis of the Olive Firm) ३३
४.२.४जैतुन तेलको मूल्य (Price of Olive Oil) ३३
४.३ जैतुन फर्मको उत्पादन (Production of Olive) ३३
४.४ जैतुन फर्मको रोजगारी (Employment of the Olive Firm) ४३
४.५ जैतुन फर्ममा देखिएका समस्याहरु (Problems Olive Firm) ५०
४.६ अध्ययनको सारांश (Summary of the Study) ५२

**अध्याय पाँच (Chapter Five)**

**५. निष्कर्ष र सुझाव (Conclusion and Recommendations) ५७–६२**
५.१ निष्कर्ष(Conclusion) ५७
५.२ सुझाव (Recommendations) ५९
५.२.१ नितिगत सम्बन्धी सुझाव (Policy Related Recommendation) ५९
५.२.२ प्रयोगात्मक क्षेत्रसँग सम्बन्धित सुझावहरु (Practice Related Recommendations) ६०
५.२.३ आगामी अनुसन्धानसँग सम्बन्धित सुझावहरु (Further Related Recommendation) ६१

**सन्दर्भ सूची (References) ६३–६५**

**अनुसूचीहरु(Appendices) ६६–७१**
अनुसूची १ : जैतुन खेती गर्ने कृषकका लागि तयार पारिएको प्रश्नावली ६६
अनुसूची २ : लक्षित समूह छलफलका लागि तयार पारिएको प्रश्नावली ६८
अनुसूची ३ : जैतुन बगैंचाबाट लिएका तस्वीरहरु ६९

# तालिका सूची (List of Tables)


तालिका ४.१: बाजुरा जिल्लाको जातिगत विवरण - २०७६ २९

तालिका ४.२: बाजुरा जिल्लाको शैक्षिक संस्थाको विवरण २९

तालिका ४.३: बाजुरा जिल्लाको भू-उपयोगको अवस्था ३०

तालिका ४.४: कार्कि जैतुन फर्म ३१

तालिका ४.५ : जैतुन कृषि सहकारीको सदस्य संख्याको विवरण ३१

तालिका ४.६: जैतुन तेलको मूल्य ३३

तालिका ४.७: कार्की जैतुन फर्म २०७४ को दाना (फल) उत्पादन ३३

तालिका ४.८: २०७५ को उत्पादन ३४

तालिका ४.९: २०७६ को उत्पादन ३४

तालिका ४.१०: २०७४ को तेल उत्पादन विवरण ३५

तालिका ४.११ : २०७५ को तेल उत्पादन विवरण ३५

तालिका ४.१२: २०७६ को तेल उत्पादन विवरण ३६

तालिका ४.१३: जैतुन कृषि सहकारीको फल उत्पादन २०७४ ३६

तालिका ४.१४: जैतुन कृषि सहकारीको २०७५ को उत्पादन विवरण ३७

तालिका ४.१५: जैतुन कृषि सहकारीको २०७६ को उत्पादन विवरण ३७

तालिका ४.१६: जैतुन कृषि सहकारीको २०७४ को तेल उत्पादन विवरण ३८

तालिका ४.१७: जैतुन कृषि सहकारी फर्मको २०७५ को तेल उत्पादन विवरण ३८

तालिका ४.१८: २०७६ को तेल उत्पादन विवरण ३९

तालिका४.१९: जैतुन कृषि सहकारीको आम्दानी ३९

तालिका ४.२०: २०७४ को उत्पादन विवरण ४०

तालिका ४.२१: २०७५ को उत्पादन विवरण ४०

तालिका ४.२२: २०७६ को उत्पादन विवरण ४१

तालिका ४.२३: २०७४ को तेल उत्पादन विवरण ४१

तालिका ४.२४: २०७५ को तेल उत्पादन विवरण ४२

तालिका ४.२५ : २०७५ को तेल उत्पादन विवरण ४२

तालिका ४.२६ : जनप्रकाश उ.मा.वि. जैतुन कृषि फर्मको आम्दानी (रु.मा) ४३

तालिका ४.२७ : कार्की जैतुन फर्मको रोजगारीको विश्लेषण ४४

तालिका ४.२८ : कार्की जैतुन फर्मको उत्पादन र रोजगारी प्रतिशतमा ४५
तालिका ४.२९: जैतुन कृषि सहकारी फर्मको रोजगारी विश्लेषण ४६
तालिका ४.३० : जैतुन कृषि सहकारी फर्मको उत्पादन र रोजगारी प्रतिशतमा ४७
तालिका ४.३१ : जनप्रकाश उ.मा.वि. जैतुन कृषि फर्मको रोजगारीको अवस्था ४८
तालिका ४.३२ : जनप्रकाश उ.मा.वि. जैतुन कृषि फर्मको उत्पादन र रोजगारी प्रतिशतमा ४९
तालिका ४.३३ : तिनओटा फर्मको खर्च, आम्दानी, नाफा २०७४, २०७५/२०७६ ५०

# चित्र सूची (List of Figures)


वृत्त चित्र .१ ४५

वृत्त चित्र २ ४७

वृत्त चित्र ३ ४९

## अध्याय एक (Chapter One)

## १. परिचय (Introduction)

### १.१. अध्ययनको पृष्ठभूमि (Background of the Study)

नेपाल एक कृषि प्रधान देश हो । यहाँको भ्कण्डै ६५.७ प्रतिशत जनताहरुको जिविकोपार्जनको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषिमा नै निर्भर रहेका छन् । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कृषि क्षेत्रमा कुल जनसङ्ख्याको ६४.४ प्रतिशत मानिसहरु निर्भर रहेका छन् । राष्ट्रिय जनगणना २०६८ कृषि क्षेत्रमा यो जनसङ्ख्याको चाप उच्च हो । नेपालको कृषि उत्पादन परम्परागत प्रणालीमा आधारित छ । उत्पादित वस्तुहरुको भण्डारण मूल्य निर्धारण, यातायात, औजार,बिउ, मल र औषधी जस्ता समस्याहरु कृषि क्षेत्रमा छन् । वर्तमान समयमा नेपालको कृषि प्रणाली जीवकोपार्जनबाट क्रमिक रुपमा व्यापारिकण हुँदै गएता पनि यसको उत्पादनलाई व्यवसायिक तथा प्रतिस्पर्धी बनाउने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा परिचित गराउँदै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न आवश्यक छ । साथै कृषि क्षेत्र भित्र भूमि व्यवस्थापन, खाद्य सुधार, सिचाई आदि सम्बन्धी नीति तथा कार्यक्रमहरु सबल र सक्षम हुनुपर्दछ । त्यस्तै जलवायु परिवर्तनले कृषि क्षेत्रमा परेको असरलाई अनुकूल गराउने तर्फ राष्ट्रको कृषि क्षेत्रमा परेको असरलाई अनुकूल गराउने तर्फ राष्ट्रको राम्रो पहल हुनुपर्दछ ।

नेपालको अर्थव्यवस्थाको मूल आधार कृषि हो । नेपालको कुल भू-भागको १९.९७ प्रतिशत भूमि कृषियोग्य रहेको छ । नेपालको कृषि व्यवसाय मौसममा निर्भर हुन्छ । परम्परागत कृषि प्रणाली जमिनको असमान वितरण, सिंचाइ सुविधाको अपर्याप्तता र कम उत्पादकत्व कृषि क्षेत्रका विशेषताहरु हुन् ।नेपालको कृषि उत्पादनमा खाद्यान्न नगदेबाली तथा दलहन फलफूल तथा तरकारीको महत्वपूर्ण योगदान रहेको छ । आर्थिक सर्वेक्षण (२०७५/७६) अनुसार हाल देशको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २७.० प्रतिशत रहेको छ ।

नेपालको भू-बनोट र जलवायुका कारण विविध किसिमका वनस्पति र फलफूल यहाा पाइन्छन् । तिनै फलफुल र वनस्पतिलाई खाद्यान्न बाली, नगदे बाली, तेलहन र

दलहन गरी वर्गीकरण गरी छुट्टाइन्छ । यसरी छुट्टाउँदा जैतुनलाई कृषि मन्त्रालयले तेलहन बालिका रुपमा छुट्टयाएको छ ।

जैतुनको उत्पत्ति सम्बन्धमा विभिन्न व्यक्तिको विभिन्न मत छ । जैतुनका पनि धेरै प्रजातिहरु छन् र संसारका विभिन्न भागमा पाइन्छन् जैतुनको उत्पत्ति पामिर चोटी वरपर भएको र तुर्किस्तान हुँदै पूर्व पशिचम फैलिएको हो भन्ने एकथरीको तर्क छ । धेरैको भनाइ छ कि जैतुन एशिया माइनर (सिरिया, टुर्की, इरान र इराक) मा उत्पत्ति भई भूमध्य सागरीय क्षेत्र पुगेको हो र यसको प्रमाण युरोपयिन जैतुनको जंगली प्रजाती हालसम्म पनि सिरियाको जंगलमा भेटिन्छ । कसैको भनाई छ कि जैतुनको उत्पत्ति लेबनान र प्यालेस्टिनी क्षेत्रमा भएको हो  केही विज्ञहरुको मान्यता छ जतुनको उत्पत्ति उत्तरी अफ्रिकाको उष्ण क्षेत्रमा भएको हो र त्यहाँबाट एशिया माइनर हुँदै भूमध्ये सागर क्षेत्रमा पुगेको हो भने खाने तेल निस्कने अहिलेको विकसित जैुनको खास पुर्खा कुन हो निश्चित छैन तर उत्तर अफ्रिकाको Oleachrysophyllaर एशिया माइनरको Oleaeuropaea var eleaster L. ले प्राकृतिक वर्णशंकर प्रजाति हो भन्नेमा धेरैको अनुमान छ । आजभन्दा ६०००-८००० वर्ष पहिले एशिया माइनरमा फोएनिशियामा जनता बसोबास गर्थे र उनीहरुले ठूला फल हुने र तेल धेरै निस्कने जैतुनका बोट छनोट गरी आफ्नो घर नजिक बगैंचारको रुपमा लगाउन थाले । जतुनसाग उनीहरुले अंगुर र अंजीर पनि लगाए । हेब्रु बाइबल र क्रिश्चियन धर्मग्रन्थमा उल्लेखित केही सीमित बिरुवा मध्ये जैतुन पनि एक हो र कालान्तरमा यसको बिस्तार ग्रीस, इजिप्ट, ट्युनिसिया हुँदै भूमध्ये सागर क्षेत्रमा पुग्यो । रोमनहरुले आफ्नो साम्राज्यमा खास गरेर स्पेनमा व्यापक रुपमा लगाए । ग्रीसमा जसले जैतुनजको बोट उखेल्छ वा काट्छ उसलाई मृत्युदण्ड सम्मको सजाय दिने कानुन नै बन्यो । ग्रीसमा जैतुनलाई महत्व दिन आजभन्दा लगभग २२०० वर्ष पहिल्यै जैतुनको बोट अंकित पैसा (मुद्रा) निष्काशन गरियो । यसपछि यस किसिमको मुद्रा इटलीले निकाल्यो । ग्रीसको क्रेटे स्थानमा आजभन्दा ५०० वर्ष पहिलेदेखि नै जैतुनको खेती गरिन्थ्यो । जैतुन त्यहाँका जनताका लागि ताप, प्रकाश, खाना औषधि, पर्फ्युम आदि दिने बहु उपयोगी सत्य सावित भई वर्तमान समयमा विश्वका धेरै देशमा जैतुन खेती गर्ने गरिन्छ (IOOC, 2077)।

जैतुनलाई अंग्रेजीमा ओलिभ (Olive) र संस्कृत, हिन्दी, नेपाली र अरबिक भाषामा जैतुन भनिन्छ । खेती गरिने जैतुनको बैज्ञानिक नाम ओलिया युरोपा (Colea

europoea.varstival) हो र नेपालको उत्तर पश्चिमी जिल्लाहरुमा पाइने स्थानीय जातको जंगली जैतुनलाई लौठो भनिन्छ । विश्वमा गरिने जैतुनको खेती मध्ये ९५ प्रतिशत भूमध्ये सागरीय क्षेत्रमा गरिन्छ । यसको महत्व र उपयोगिता मानिसले बुझ्दै आएकोले जैतुन खेतीको विस्तार अमेरिका, अष्ट्रेलिया दक्षिण अफ्रिका, चिन, भारत नेपाललगायत विश्वका विभिन्न मुलुकमा हुँदै आएको छ । जैतुनको फल एक वर्षे डालीमा फुलका झुप्पा लाग्दछन् र प्रत्येक झुप्पामा १५-३० वटा फुलका कोपिला हुन्छन् । फुलहरुसेता क्रिम रङ्गका बास्नादार हुन्छन् । फूलहरु धेरैजसो भाले अङ्ग मात्र भएका हुन्छन् । तरपनि प्रत्येक झ्प्पामा एक दुईओटा भाले पोथी सहितकापूर्ण फूलहरु लागेमा राम्रो फूल उत्पादन हुन्छ र कोपिला बन्ने क्रम आन्तरिक रुपमा असोज, कार्तिकदेखि सुरु हुन्छ । फूलका झुप्पा फागुन महिनामा निस्कन शुरु गर्छन,चैतमा बढ्छन् । बैशाखको अन्त्यसम्म फुल्छन्र जेठमा फूल लाग्न सुरु हुन्छ । साउन-भदौमा वियाँ छिप्पिन्छ र फल असोज-कार्तिकमा पाक्छ । फल परिपक्व भएपछि फलको बोक्रा हरियोबाट बैजनी र पछि गाढा वैजनी र कालो रङ्गमा परिणत हुन्छ । बोक्रा जस्तै गुठीको रङ्गमा पनि परिवर्तन आउँछ । राम्रो गुणस्तरको तेल निकाल्न ५० प्रतिशतफलको बोक्रामा रङ्ग चढ्न थालेपछि फल टिप्न सुरु गर्नुपर्छ वा गुदीमा धेरै परिवर्तन आइसकेको फलबाट गुणस्तरको तेल निस्कँदैन । उन्नत जातको जैतुन ३-५ वर्षमा फल्न सुरु गर्दछ । उत्पादन बढ्दै गएर २० वर्षमा पूर्ण क्षमतामा पुग्दछ र यसपछि ५०-६० वर्षसम्म उच्च गुणस्तरको फल प्रशस्त लाग्छ, त्यसपछि उत्पादन र गुणस्तर क्रमशः कम हुँदै जान्छ तर पनि सयौं वर्ष बाँच्छ र फल दिइनै रहन्छ (IOOC, 2010)।

बाजुरामा परीक्षण गरिएका २८ वटा जैतुनका प्रकारहरु मध्ये व्यवसायिक रुपमा सफल भएका जैतुनका प्रकारहरु मध्ये Ascolana, Nocellera, Coratina, Leccino, Pendolno Frattese यी जातहरु सफल भएका छन् (ढकाल, २०७३) ।

**अस्कोलाना** : यो जात इटालीबाट विकास भएको हो । जातको शितल किसिमको जलवायु मन पराउँछ । यसको उत्पादकत्व मध्यम हुन्छ । प्रत्येक वर्ष फल्ने गर्छ । यसमा तेल उत्पादन गर्ने क्षमता कम १८ प्रतिशत मात्र हुन्छ । यो हरियो अचारका लागि उपयुक्त हुन्छ ।

**तोचेलारा** : यो जात इटलीबाट विकास भएको हो । यसको प्रयोग तेल र अचार दुवैको प्रयोजनको लागि गरिन्छ । विषम हावापानी र माटो सहन सक्ने स्वभावको यो जार छिटो बढ्ने र ठूलो बोट हुन्छ वर्ष बिराएर फल्छ ।

**कोराटिना** : यो जात इटलीबाट विकास भएको हो । यसको प्रयोग तेल उत्पादनका लागि गरिन्छ । यो जातले धेरै किसिमको वातावरण र ठण्डी सहन सक्छ । यो जात धेरै फल्ने र प्रत्येक वर्ष फल्छ तेल उत्पादन क्षमता २५ प्रतिशत हुन्छ ।

**लेचिनो** : यो जात इटलीबाट विकास भएको हो । यसको प्रयोग तेल उत्पादनका लागि गरिन्छ । यसमा तेल उत्पादन क्षमता ६० प्रतिशत हुन्छ । धेरै किसिमको हावापानीमा फैलिन्छ । प्रत्येक वर्ष फल्छ, छिटो पाक्छ । यसको बोट ठूलो र बलियो हुन्छ ।

**पेण्डोलिनो** : यो जात इटलीबाट विकास भएको हो । यसको प्रयोग तेल उत्पादन र परागसेचनको लागि ल्याइन्छ । यसको तेल उत्पादन गर्ने क्षमता कम हुन्छ । प्रत्येक वर्ष फल्छ पछि फल्छ, मध्य मौसममा पाक्छ ।

**फ्रान्टोयो** : यस जातको विकास इटालीबाट भएको हो । यसको प्रयोग तेल उत्पादनका लागि गरिन्छ । यसको उत्पादन क्षमता बढी हुन्छ । ३०-३५ प्रतिशत सम्म हुन्छ । फल ढिलो गरी पाक्छ र पटक पटक गरी पाक्छ । यो जातको तेलमा मीठो बास्ना बढी हुन्छ ।

नेपालमा जैतुनको अवस्था वा खेतीको सुरुवातलाई हेर्दा वार्षिक वर्षा ४०० देखि ७०० मि.मी. को जैतुन खेतीका लागि उपयुक्त नेपालका उत्तर पश्चिम जिल्लाहरु बझाङ, बाजुरा, मुगु, हुम्ला, कालिकोट, रुकुम, डोल्पा र जुम्ला आदि जिल्लाहरुमापाइने जंगली जातको जैतुन (Oleacuspidata) लाई स्थानीय भाषामा लौंठो भनिन्छ । यो लौंठो कर्णाली र भेरी नदीका दुवै किनारा र पखेरामा परापूर्व कालदेखि समुद्रको सतहबाट १००० मिटरदेखि २३०० मिटरको उचाईसम्मका जंगलमा प्राकृतिक रपमा फैलिँदै हुर्कँदै आएको पाइन्छ । यसले नेपाल पनि जैतुनको रैथाने उदगम स्थल हुन सक्ने देखाउँछ । (ढकाल, २०७३) । जैतुनको सम्भाव्यताअध्ययनको लागि संचालन हुँदै आएका विभिन्न आयोजनाहरु उस्तै, पहाडी कृषि विकास आयोजना १९७७-१९८०, हिमालयन प्लान्टेशन प्रा.लि.बैठकले सन् १९९६ मा भारतको हिमाञ्चल प्रदेशबाट र इटालीबाट विभिन्न जातका बिरुवा ल्याई ललितपुरमा रोपेको,बागवानी विकास आयोजना कीर्तिपुर (JICA) ले १९९४ मा जापानबाट

२ वटा जात र तत्कालीन श्री ५ को सरकार, कृषि मन्त्रालयले सन् १९९६ मा इजिप्तबाट ४वटा जैतुनका जातहरु ल्याएर कीर्तिपुरको बागवानी केन्द्रमा रोपिएका थिए र १९९८-१९९९ मा सिरियाबाट नेपालका लागि उपयुक्त १८ वटा जैतुनका जातहरु ललितपुर, डोल्पा मुस्ताङ र डडेल्धुरामा परीक्षणका लागि रोपिएका थिए ।

पछिल्लो चरणमा नेपालमा जैतुन खेतीको सम्भावना परीक्षण गर्ने क्रममा बाजुराको कोल्टी, डोल्पाको जुफाल, मकवानपुरको चित्लाङ, काठमाडौंको कीर्तिपुर र भोजपुरमा परिक्षण गरिएको थियो र २००६ मा इटली सरकारको आर्थिक सहयोग र एफ.ए. ओ एवं नेपाल सरकारको संयुक्त प्रयासमा बाजुरा जिल्लाको कोल्टीमा रहेको जनप्रकाशउ.मा.वि.सँग जैतुनका सम्बन्धमा अनुसन्धान गर्ने प्रयोजनका लागि सम्झौता गरी विद्यालयको करिब ३.५ हेक्टर क्षेत्रफल जमिनमा २८ ओटा उन्नत जैतुनका जातहरु र २ ओटा स्थानीय गरी जम्मा ३० ओटा जातहरुमा तुसिया विश्वविद्यालयको सहयोगमा परीक्षण सुरु गरेकोमा हाल आएर २४ ओटा जातहरुफुल्न र फल्न सुरु गरेकाले फलहरुबाट निस्कने तेलको गुणस्तर परीक्षण गर्न सन् २०११, २०१२ र २०१५ मा इटालीको उच्च स्तरको प्रयोगशालामा गरिएको परीक्षणबाट तेलको गुणस्तर राम्रो निस्किएसँगै तेलको नमुना तुसिया विश्वविद्यालयले केन्द्रीय बागवानी केन्द्र कीर्तिपुरमा पठाएको थियो । जिल्ला कृषि जैतुन खेती परियोजना कार्यान्वयन एकाइ पिलीचौर बाजुराको वार्षिक प्रतिवेदन २०७० का अनुसार विकास कार्यालय बाजुरामा जैतुनको परीक्षण सफल भएपछि नेपाल सरकारले २०५७/५८ देखि व्यावसायिक रुपमा २०,००० हेक्टरमा क्षेत्रफलमा जैतुनको खेती सुरु गरेको थियो । सुरुवातको अवस्थामा शिक्षाको अभाव र नेपाल सरकारकोकमजोरीका कारणले स्थानीय वासिन्दाले जैतुनको प्रयोग घाँस, दाउरा र काठको लागि प्रयोग गर्ने गरे पनि पछिल्लो समयमा इटली सरकारको सहयोगमा तेल पेल्ने मिल ल्याएर अलि अलि फुलको सदुपयोग गर्दा सुरुवाती चरामा १६ प्रतिशत तेल उन्नत जातबाट र ५ देखि ६ प्रतिशत स्थानीय जातबाट तेल निकालेर स्थानीयले प्रयोग गरेका थिए (ढकाल, २०६२) ।

उच्च गुणस्तरको तेलको उत्पादन भएसँगै बाजुरा जिल्लामा किसानहरुले २०७२ देखि व्यवसायिक रुपमा जैतुन खेती सुरु गरेका छन् । उन्नत जातको जैतुनले २ देखि ३ वर्षमा फल दिन सुरु गरेको छ । किसानहरु सिचाइको अवस्था हेरेर माघ फागुन देखि बिरुवा रोप्न सुरु गरेको बाजुरा जिल्ला । कृषि विकास कार्यालयको अध्ययनमा उल्लेख छ ।

हालको अवस्थामा बाजुरा जिल्लामा ३९ वटा मेशिन रहेका छन् । बाजुरामा जैतुन खेतीको सम्भावना राम्रो देखिएकाले नेपाल सरकारले १० वर्षभित्र नेपालमा जैतुनको आयात प्रतिस्थापन गर्ने उद्देश्यले आ.व. २०७२/७३ देखि आ.व. २०८१/०८२ सम्मका लागि जैतुन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी बाजुरा जिल्लाको बुदिवन्दा न.पा.को वडा नं. १ देखि उत्तर क्षेत्रका अन्य ३ वटा गाउँपालिकालाई जैतुन जोन घोषणा गरेको छ । यस कार्यक्रमको सञ्चालनबाट आ.व. २०७७७८ सम्मा व्यवसायिक जैतुन बगैंचाको क्षेत्रफल १५०० हेक्टर थप हुने र उत्पादन शुरु भई प्रति वर्ष क्रमिक रुपमा बढ्ने अनुमान गरिएको छ । साथै तेस्रो वर्ष देखि वार्षिक १,००,००० गुणस्तरीय बिरुवा उत्पादन हुने प्रति हेक्टर २.१५ जनाले वर्षभरि रोजगारी पाउने र थप ३२२५ जनाले पूर्ण रोजगारी पाउने कृषकहरुको आयस्तरमा बृद्धि ल्याउने जैतुन खेतीमा संलग्न कृषक, कृषक समूह तथा सहकारिको क्षमता अभिवृद्धि गरी कृषकलाई रोजगारी प्रदान गर्ने कृषि मन्त्रालयको कार्यलिपिमा उल्लेख छ (जैतुन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७२) ।

जैतुन खेतीका लागि ११०० मि. देखि २५०० मि. (समुन्द्री सतहबाट) समय खेती गर्न सकिन्छ भने सामान्य तापक्रम ७ डि.से. देखि २० डि.से. सम्म जरुरी हुन्छ । हिउँदमा पाँच डि.से. भन्दा तल र गर्मीमा ४० डि.से. भन्दा माथि हुन हुँदैन । यस बालीको लागि द्ध०० देखि७०० मि.मि. सम्म वार्षिक वर्षा हुने क्षेत्र राम्रो मानिन्छ । वार्षिक वर्षा १०००० मि.मि. भन्दा बढी हुने स्थान राम्रो मानिँदैन र ४०० मि.मि. भन्दा कम हुने स्थानमा सिंचाईको व्यवस्था भएमा राम्रो उत्पादन लिन सकिन्छ र धेर थो मात्रामा बाह्रै महिना वर्षा हुने हुँदा जैतुन खेतीको लागि निकै लाभदायक मानिन्छ । जैतुनले पहारिलो र न्यानो वातावण मन पराउँछ यसर्थ यसलाई सकभर दक्षिणी मोहडा भएको र अरु रुखको छहारी नपर्ने स्थानमा लगाउन उपयुक्त हुन्छ भने यसले लामो दिनमा कडा प्रकाश रुचाउँदै जैतुनलाई वर्षभरिमा कम्तिमा २००० घण्टा प्रकाश जरुरी हुन्छ ।

जैतुन खेतीका लागि उपयुक्त माटो

- बालुवाको भाग : ४५-६५ प्रतिशत
- दुमट माटोको भाग : १०-३५ प्रतिशत
- चिम्टाइलो माटोको भाग : १०-३५ प्रतिशत

) पानी छिर्ने वेग : ८०-१५० मि.मि. प्रति घण्टा

माटोमा पि.एच. ६.५ यस्तै नाइट्रोजन १.५ प्रतिशत, फोस्फोरस ०.६० देखि ०.७० प्रतिशत पोटासियम ०.४ प्रतिशत, अर्गानिक म्याटर २ देखि ३ प्रतिशत, खुकुलो ढुङ्ग्यान वलौटे माटो भएको जमिन जैतुन खेतीका लागि उपयुक्त हुन्छ (भण्डारी, २०७३) ।

नेपालमा जैतुन खेती स्थानीय जातका जैतुन पाइने जिल्लाहरुमा उन्नत जातका युरोपियन जैतुन हुन सक्ने सम्भावना देखेर नेपाल सरकारको अनुरोध र इटली सरकारको आर्थिक एवं प्राविधिक सहयोगमा नेपालस्थित एफ.ए.ओ.को संयुक्त प्रयासमा सन् २००६ मा बाजुरा जिल्लाको कोल्टीमा (१४०० मि. उचाई) मा इटलीबाट २८ प्रजातीका जैतनका बोट परीक्षण गरिएको थियो जुन हाल व्यवसायिक खेतीमा विकसित भएको छ । यस्तै गरी डोल्पा जिल्लाको बागबानी केन्द्र जुफाल (२५०० मि. उचाई) मा गरिएको जैतुन खेती बोट वृद्धि विकासमा कमि भई केही बोटहरु फैलरहेका छन् । मकवानपुर जिल्लाको चित्लाङ विसिडखेल (१७०० मि. उचाईमा गरिएको खेती सन्तोषजनक रुपमा उत्पादन सुरु भएको छ) ।

जैतुन खेतीबाट बाजुरा जिल्लामा हालसम्म ८० के.जी. फल प्रतिघण्टा पिस्ने गरिन्छ जसमा एक घान जैतुनबाट कम्तिमा ४ लिटर तेल उत्पादन हुन्छ । २०७६ सालमा ४२०७०४ के.जी. जैतुनबाट २१०२५ लिटर तेल उत्पादन भएको छ जसमा हालको बजार मूल्य २००० देखि ३००० सम्म छ भने अनुमानित आम्दानी ४,२०,००,००,००० हुन्छ । जैतुनको दाना टिपेको २४ घण्टा भित्र प्रशोधन गरी सक्नुपर्ने हुँदा मिलको क्षमता, बिजुली र जनशक्ति आवले फल उत्पादन भए जति तेल उत्पादन गर्न सकिएको छैन । जैतुनबाट तेल उत्पादन गर्नका लागि फल टिप्दा तेल पनि गुणस्तर राम्रो हुने तरिकाले र जात अनुसार फल टिप्नुपर्छ । फल टिप्नासाथ चोटपटक नलगाई टिपेको २४ घण्टाभित्र तेल पिसि सक्नुपर्छ । तेल उत्पादन गर्दा बिजुलीबाट चल्ने आधुनिक मिलको आवश्यक पर्छ जसमा मिलको मुखमा सफा जैतुन फलहरु राखिन्छ र त्यसको भित्र जडान गरिएको घनले फललाई टुक्रा पार्छ र रोलरले टुक्रालाई पिसेर लेदो बनाउँछ । यो लेदो मथ्ने चेम्बरमा खस्छ लेदो करिब ३०-४० मिनेटसम्म दहि मथे जस्तै गरी मिक्सरको सहायताले मथिन्छ । यहाँ २७$^{0}$ से. तापक्रम मिलाएको हुन्छ र पटक पटक मनतातो पानी थपिन्छ । जब तेलका थोपाहरु निस्कन्छन् तब त्यसमा जडान गरिएको पाइपद्वारा पानि र तेल छुट्याउने मेसिनमा पठाइन्छ

र तेल एउटा पाइपद्वारा र पिना र पानी अर्को पाइपद्वारा बाहिर निस्कन्छ । यसरी निकालेको तेलमा मिसिएको बाक्लो पदार्थ थेग्रिन दिन ठूला स्टिलका भाडामा १-२ महिनासम्म राखिन्छ ।

## नेपालमा जैतुन खेतीका लागि सरकारी नीति

(i) नेपालमा जैतुन खेतीको क्षेत्र विस्तार उत्पादन तथा उत्पादनसम्म वृद्धि गरी आ.व. २०८१।८२ सम्मा नेपाललाई जैतुन तेल आयात प्रतिस्थापनमा टेवा पुऱ्याउने ।

(ii) जैतुन खेतीका लागि सम्भावित क्षेत्रको पहिचान गरिने ।

(iii) जिल्ला कृषि विकास कार्यालय तथा फार्म/केन्दहरु मार्फत जैतुन खेती तर्फ उन्मुख भएका कृषक, कृषक समूह तथा सहकारीहरु रहेका जिल्लाहरु पनि क्रमिक रुपमा छनोट गरिने ।

(iv) निजी नर्सरीहरुको विकास गरी वार्षिक १,००,००० गुणस्तरीय बिरुवा उत्पादन गरी वितरण गरिएको छ ।

## १.२ समस्याको कथन (Statement of the Problem)

नेपालमा कृषि विकासका पर्याप्त सम्भावनाहरु रहेका छन् । हाम्रो देश भौगोलिक रुपमा सानो भएता पनि प्राकृतिक सम्पदाले भरिपूर्ण छ भने हावापानीले विविधतायुक्त भएको कारणले विभिन्न किसिमका बालीहरु लगाउन सकिन्छ । नेपालको ८२.९३% ग्रामीण क्षेत्र रहेकाले पर्याप्त पूर्वाधारको विकास हुन सकेको छैन । जसले गर्दा उत्पादित वस्तुहरुले बजार पाउन नसक्नुका साथै कृषि क्षेत्रमा प्रयोग हुने औजारहरु प्रयोग ल्याउन सकिएको छैन । नेपालको पश्चिम क्षेत्रमा रहेको दुर्गम जिल्ला बाजुरामा गरिएको जैतुन खेती नेपाल सरकारको लगानीमा गरिएको खेती हो कृषकहरुमा अज्ञानताका कारणले यस खेती तर्फ आकर्षित गर्न सकिएको अवस्था छैन । अर्थात जैतुन खेती गर्नका लागि आवश्यक वैज्ञानिक ज्ञान, सिप र सोत साधन र शिक्षाको अभावका कारणले किसानहरुले व्यवसायिक रुपमा यसको खेती गर्न सकिरहेका छैनन् ।

जैतुन खेती राम्रो फल्ने र उत्पादन राम्रो भएता पनि पाकेको फल उपयुक्त समयमा टिप्न नसक्नु वा फल खेर जानु प्राविधिक समस्या नेपाल सरकारको कमजोर मूल्यांकन कृषकहरुको खेतीप्रति अविश्वास कक्ष जनशक्तिको अभाव वर्तमान समयका समस्याहरु हुन् । जैतुन जोन क्षेत्रमा ३९ वटा तेल निकाल्ने मिल भए पनि जनशक्ति अभाव र अज्ञानताका कारणले मिलहरु प्रयोग विहिन हुनु र तेल उत्पादनका लागि फुल टिपेको २४ घण्टानमा मिलमा पुऱ्याउनु पर्छ जसका लागि जोन क्षेत्रका पदाधिकारी र नेपाल सरकारको क्रियाशीलता नै कमजोर छ । गुणस्तरीय तेलको मूल्य २५०० देखि ३००० सम्म छ । यदि व्यवसायिक रुपमा कृषकलाई जैतुन खेतीमा आकर्षण गर्न सकेमा रोजगारीका लागि समस्या देखिँदैन (भण्डारी, २०७४) ।

उत्पादन बजारिकरणमा प्रचार प्रसार गर्न सकेमा राम्रो आम्दानी हुने देखिन्छ ।

## १.३ अध्ययनको उद्देश्य(Objectives of the Study)

यस अध्ययनको साधारण उद्देश्य जैतुन खेतीको उत्पादन र रोजगारी विश्लेषण गर्नु रहेको छ भने यस अध्ययनको विशिष्ट उद्देश्यहरु निम्नानुसार छन् :

१) जैतुन खेती उत्पादनको वर्तमान अवस्था अध्ययन गर्नु ।

२) जैतुन खेतीले प्रदान गरेको रोजगारीको विश्लेषण गर्नु ।

## १.४ अनुसन्धान प्रश्न (Research Question)

यस अध्ययनका अनुसन्धानात्मक प्रश्नहरु निम्नानुसार रहेका छन् :

१) जैतुन खेतीको वर्तमान अवस्था कस्तो छ ?

२) जैतुन खेतीले प्रदान गरेको पुरुष एवम् महिला रोजगारीको अवस्था कस्तो छ ?

## १.५ अध्यनको महत्व (Significance of the Study)

यो अध्ययन नेपालको प्रदेश नं. ७ मा पर्ने पश्चिम जिल्ला बाजुराको बुढीनन्दा नगरपालिका वडा नं. १ देखि उत्तर तिर पर्ने अन्य ३ वटा गाउँपालिकामा नेपाल सरकारले

छनोट गरेका जैतुन जोन क्षेत्रमा गरिएको जैतुन खेतीको लागत विश्लेषणलाई अध्ययन गरिएको छ भने यस अध्ययनको महत्वपूर्ण निम्नलिखित रहने छन् :

१. यस अध्ययनले बाजुरा जिल्ला बुद्धिनन्दा नगरपालिका वडा नं. ३, १ र जगनाथ गाउँपालिका वडा नं. १ र २ को जैतुन खेतीको अवस्था पत्ता लगाउन ।
२. जैतुन खेतीमा संलग्न नेपाल सरकार र कृषकको रोजगारी विश्लेषण गर्न सहयोग गर्नेछ ।
३. यस अध्ययनले जैतुन खेतीको रोजगारी विश्लेषण गरी जैतुन खेतीको व्यवसायिक विकास बारेमा थप अध्ययन गर्न प्रोत्साहन गर्नेछ ।
४. यस अध्ययनले किसानहरुको समस्या पहिचान गरी समस्या समाधानका उपायहरुको आधार प्रदान गर्नेछ ।
५. कस्तो हावापानीमा जैतुन खेती गर्न सकिन्छ वा कुन तरिकाले जैतुन खेती गर्दा बढी लाभ लिन सकिन्छ भन्ने बारेमा किसानहरुलाई प्रेरणा मिल्नेछ ।
६. जैतुन खेती गर्दा लाग्ने लागतहरु पूर्वानुमान गर्न यो अध्ययन उपयोगी हुनेछ ।

## १.६ अध्ययनको सीमा(Limitations of the Study)

यस अध्ययनलाई प्रभावकारी तथा उपयोगी बनाउन निम्न सीमाभित्र रही सम्पन्न गरिएको छ ।

१. यो अध्ययन बाजुरा जिल्लाको बुढिनन्दा नगरपालिका वडा नं. १ र जगन्नाथ गाउँपालिकाको वडा नं. १ र २ मा सीमित रहने छ ।
२. यस अध्ययनमा २०७४/२०७५ र २०७६ को उत्पादन र रोजगारीको विश्लेषणलाई अध्ययन गरिएको छ ।

## १.७ अध्ययनको संगठन (Organization of the Study)

यस अध्ययनलाई विभिन्न भागमा विभाजन गरिएको छ । अध्याय एकमा परिचय, पृष्ठभूमि, समस्याको कथन, अध्ययनका उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सीमा, अध्ययनको प्रश्न, मुख्य शब्दावलीको ढाँचा र अध्ययनको संगठन राखिएको छ । अध्याय दुईमा सम्बन्धित साहित्यको पुनरावलोकन, अनुसन्धानात्मक साहित्यको पुनरावलोकन,

साहित्य पुनरावलोकनको प्रयोग र अवधारणात्मक ढाँचा राखिएको छ । त्यसैगरी अध्याय तिनमा अनुसन्धान विधि, अध्ययनको ढाँचा, अध्ययनको क्षेत्र, जनसङ्ख्या, नमुना आकार र नमुना छनोट रणनीति, तथ्याङ्कका स्रोत, तथ्याङ्क सङ्कलनका साधनहरु, तथ्याङ्क सङ्कलन प्रक्रिया, तथ्याङ्क विश्लेषण अनुसूची र सन्दर्भसूची राखिएको छ ।

# अध्याय दुई (Chapter : Two)

## २. सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक ढाँचा (Review of Related Literature and Theoretical Framework)

यस अध्यायमा अनुसन्धान शीर्षकसँग सम्बन्धित प्रकाशित तथा अप्रकाशित लेख रचना पत्रपत्रिका तथा साहित्यको पुनरावलोकन गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन (Review of the Related Literature)

भण्डारी (२०७३) का अनुसार जैतुन ओलिएसीया परिवारमा पर्ने उपोष्ण देखि समशितोष्ण जलवायुको बढी बाँच्ने एक सदावहार फल लाग्ने रुख हो । यो फलको प्रयोग मुख्य गरी तेल उत्पादनका लागि गरिन्छ भने अन्य उपभोगमा अचार, सलाद तथा पिज्जाहरुमा प्रयोग गरिन्छ । जैतुनको तोलमा बढी मात्रामा मोनो अनस्याचुरेटेड फ्याट्टी एसिड करिब ७०-८० प्रतिशत सम्म पाइन्छ तथा भिटामिनहरु ए., डि., ई र के प्रचुर मात्रामा पाइन्छ र खाने तेलहरु मध्ये सबैभन्दा स्वास्थ्यवर्द्धक तेल मानिन्छ । अन्य खेती तथा फलफूल गर्न सकिने सुख्खा क्षेत्रमा समेत यसको खेतीसफल रुपमा गर्न सकिन्छ र सदावहार बोट भएकाले भूक्षय नियन्त्रणमा समेत सहयोग पुऱ्याउने गर्दछ । त्यसैले जैतुनको बोटलाई सुखः शान्ति र सम्बृद्धिको प्रतिकका रुपमा लिइन्छ । त्यस्तै संयुक्त राष्ट्र संघको लोगोमा दुई वटा जैतुनका मुना राखिएको छ ।

ढकाल, (२०७३) अनुसार समुन्द्र सतहदेखि ११०० देखि २२०० मिटरको उचाईमा जैतुन खेती गर्न सकिन्छ । जैतुनलाई वार्षिक वर्षा १००० मि.मि. भन्दा कम सापेक्षित आद्रता ७० प्रतिशत भन्दा तल सूर्यको प्रकाश वर्षभरिमा २००० घण्टा भन्दा माथि पाउने हिउँदमा तीन महिना जति चिसो सरदर न्यूनतम तापक्रम ७ डि.से. ५०० घण्टा भन्दा माथि हुने र त्यस अवधिमा तापक्रम २० डि.से.भन्दा बढी नहुने माटोको पि.एच. ७ देखि ८ सम्म र खुकुलो ढुख्रायान बलौटे माटो भएको नेपालको उत्तर पश्चिम पहाडी क्षेत्रका १० वटा जिल्लामा जैतुन खेतीको राम्रो सम्भावना रहेको छ ।

कृषि मन्त्रालय (२०७०) अनुसार जैतुन खास गरेर अति पोषिले तेल र फलको निम्ति प्रख्यात छ । यो रुख बाली हो र यसको फुलबाट निस्कने तेल खान र घस्नका लागि विश्वमा सर्वोत्तम मानिन्छ । यसको काँचो अचार १०० ग्राममा १४६ क्यालोरि शक्ति र अन्यपोषक तत्व पाइन्छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अनुसार जैतुन जेन क्षेत्रमा २०७७ सम्ममा व्यवसायिक जैतुन बगैंचाको क्षेत्रफल १५०० हेक्टर थप गर्ने र उत्पादन र उत्पाकत्वमा वृद्धि गरी आ.व. २०८१/८२ सम्ममा आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने र १ हेक्टर जमिनमा १०० वटा जैतुनका बिरुवा रोप्न किसानलाई अनुदान सहित तेल पेल्ने मेसिन उपलब्ध गराउने ।

IOOC(२०१५) अनुसार विश्वमा जैतुन तेलको उत्पादन क्षमता स्पेन ३९ प्रतिशत, २२ प्रतिशत इटली, १२ प्रतिशत ग्रिस युनिसिया ५ प्रतिशत र टर्किले ६ प्रतिशत उत्पादन गर्ने गरेको छ र विश्वमा ९८ लाख हेक्टर जमिनमा १.२ अर्ब जैतुनका बोट लगाइएका छन् ।

कृषि मन्त्रालय, (२०७२) अनुसार नेपालमा रु. ७ करोड ७४ लाख बराबरको जैतुन तेल  फल नेपालमा आयात भएको छ र हालका वर्षहरुमा झण्डै ३५ करोडदेखि ४० करोडसम्मको जैतुन तेल र फल नेपालमा आयात हुँदै आएको छ (FAO, 2011)।

जैतुन भूमध्ये सागरिय क्षेत्रको आदिवासी जातको बिरुवा हो । यो समशितोष्ण क्षेत्र, मध्ये, एसिया र दक्षिण एशियामा मानवसभ्यता सँगै व्यापक रुपमा प्रसारित भएको हो । स्पेन्सको Carbon-dating क्षेत्रतिर आठ हजार वर्ष अगाडि जैतुनको seeds फल पाइएको हो भन्ने गरिन्छ । पुरातात्विक प्रमाणको आधारमा जैतुन इसापूर्व चौथो शताब्दीमा (Palestine) क्षेत्रमा खेती गरिन्थ्यो (Zohary and Spiged Roy, 1999)।

जैतुन जोन केन्द्र (२०७५) अनुसार जैतुनको फललाई टिपिसकेको २४ घण्टा भित्र पिसेर निकालेको तेल उच्च गुणस्तरीय हुन्छ र जसको बजार मूल्य २००० देखि माथि रहेको छ ।

जैतुन जोन केन्द्र (२०७५), अनुसार जैतुनको फल फुलकाभुप्पामा लाग्दछ र प्रत्येक भुप्पामा १५-३० वटा फूलका कोपिला हुन्छन् । फुलहरुसेता क्रम रङ्गका बास्नादार हुन्छन् र फूलहरु धेरैजसो भाले अङ्ग मात्र  भएका हुन्छन् तर पनि प्रत्येक भुप्पामा एक दुईओटा भाले पोथी सहितका पूर्ण फुलहरु लागेमा राम्रो फल उत्पादन हुन्छ । बोटको राम्रो प्रबन्ध भएमा फूलका कोपिला बन्ने क्रम आन्तरिक रुपमा असोज, कार्तिक देखि शुरु हुन्छ । फूलका भुप्पाहरुफागुन महिनामानिस्कन शुरु गर्छन्, चैतमा बढ्छन्, वैशाखको अन्त्यसम्ममा फुल्छन् र जेठमा फुल लाग्दछ । फूलमा चारओटा हरिया पत्रदल एक आपसमा जोडिएका हुन्छन् । हावामा तापक्रम बढी र माटोमा चिस्यान कम भएमा चिचिला अवस्थाका फल असार-साउन महिनामा धेरै झर्छन् । वैज्ञानिक ढंगले बोटको वार्षिक काटछाँट गर्नु पर्दछ र आवश्यक मात्रामा मल जल दिनु पर्छ, फुल फुल्नुभन्दा पहिले पातमा औषधी र सिचाई गर्दा अत्याधिक परिमानमा फल र तेलको उत्पादनमा बृद्धि भएको पाइएका छ भने तेलको गुणस्तरमा पनि केही फरक पर्दैन ।

भण्डारी (२०७३), का अनुसार जैतुनका फलजात अनुसार केही गोलो वा लाम्चो र यसको तौल जात स्थान एवं व्यवस्थापन अनुसार ज्ञ ग्राम देखि १५ ग्राम सम्मको हुन्छ भने जैतुनको फूलको गुढीमा बढी तेल हुन्छ । बिउ र बोक्राबाट कम मात्रामा तेल निस्कनछ पुल्कललाई हलुका थिचेर वा ब्लेडले तीनतिर चिरेर प्रत्येक दिन पानी फेर्दै १०-१२ दिन डुबाएर राख्न सकिन्छ । उन्नत जातको जैतुन ३-५ वर्षमा फल्न सुरु गर्छ र उत्पादन बढ्दै गएर २० वर्षसम्ममा पूर्ण क्षमतामा पुग्छ । यसपछि ५०-६० वर्षसम्म उच्च गुणस्तरको फल प्रशस्त लाग्छ । त्यसपछि फल उत्पादन र गुणस्तर क्रमशः कम हुँदै जान्छ तर पनि सयौं वर्ष वाच्छ र फल दिइनै रहन्छ । त्यसैले जैतुन एक उच्च मूलय भएको तेलहनको प्रकारमा पर्दछ ।

ढकाल (२०७६) का अनुसार जैतुनको तेललाई जैतुनको जात, फल टिप्दाको अवस्था, हावापानी र भण्डारणले फरक पार्दछ । खानको लागि गुणस्तरीय जैतुनको तेलमा कडा मीठो वास्ना एवं स्वाद हलुवका हरियो देखि पहेंलो रङमा हुन्छ र अमिलोपना तौलको हिसाबले ०(८ प्रतिशत भन्दा कम हुन्छ भने कमसल फुलबाट तेलमा अमिलो पना ३.३ प्रतिशत सम्म हुन्छ । यस्तो तेल खानका लागि उपयुक्त हुँदैन ।

## २.२ अनुसन्धानात्मक साहित्यको पुनरावलोकन (Review of the Research Literature)

थापा, (२०७०) का अनुसार वैदेशिक रोजगारी नेपालको सन्दर्भा नौलो होइन । करिब २ सय वर्ष अघि देखि नेपालीहरु आप्रवासको रुपमा जाने गरेको इतिहास छ । सन् १९७० को दशकपछि यसमा आमुल परिवर्तन आएको छ । अहिले सरकारले विश्वका १ सय ९ देश वैदेशिक रोजगारका लागि खुल्ला गरेको छ । संसारका सबै कुनामा धेरथोर नेपाली वैदेशिक रोजगारका लागि पुगेका छन् । वैदेशिक रोजगारीमा नेपालीलाई पठाउने व्यवसायमा निजी क्षेत्रको प्रवेश पछि नेपाली कामदारको उपस्थिति खाडी राष्ट्रहरुका साथै दक्षिण पूर्वी एशियाली राष्ट्र मलेसियामा बढी नै हुने गरेको छ । कुल वैदेशिक रोजगारीको ९० प्रतिशत अंश यी राष्ट्रले ओगटेको तथ्यांकले देखाउँछ । आज करिब ३५ लाख नेपाली श्रम स्वीकृति लिएर विदेशी भूमिमा श्रम गरिरहेका छन् । नेपालको वैदेशिक रोजगारीको निर्भरता दिनहुँ बढिरहेको छ । अर्थात् वैदेशिक रोजगारीको लागि हजारौं नेपालीहरु अर्को देश जाने गरेका छन् ।

दाहाल, (२०६२) का अनुसार वैदेशिक रोजगारबाट प्राप्त आयले नेपालको अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको कुरामा दुइमत छैन तापनि यस माथिको अत्यधिक निर्भरता दीर्घकालको लागि प्रत्यात्पादक पनि बन्न सक्दछ भन्ने कुरालाई हामीले बिर्सनु हुँदैन किनभने कुनै पनि समयमा नेपालको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याएको गलैंचा र तयारी पोशाक आज धरासायी अवस्थामा पुगेको छ । अन्तर्राष्ट्रिय श्रमबजारमा नेपाली श्रमिकको माग घट्न गई आम्दानीले निरन्तरता नपाउन सक्छ भन्ने तर्फ उत्तिकै सजग हुनु आवश्यक देखिन्छ । विप्रेषण उत्पादनशील क्षेत्रमा लगानी गरी स्वदेशमा नै रोजगारीका अवसरहरु सिर्जना गर्न वा स्वरोजगारलाई प्रोत्साहन दिन सकियो भने मात्र दिगो आर्थिक विकासको अपेक्षा गर्न सकिन्छ ।

कँडेल (२०६९) द्वारा तरकारी खेतीले जनताको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव शीर्षकमा शोधपत्र तयार गरिएको छ । अध्ययन क्षत्रेमा खाद्यान्न बालीबाट प्राप्त आय ८५.३३ प्रतिशत रहेको पाइयो । यस प्रतिशतलाई हेर्दा खाद्यान्न बालीबाट प्राप्त आयभन्दा तरकारी खेतीबाट प्राप्त आय ५ गुना बढी देखिन्छ । अध्ययन क्षेत्रमा वार्षिक आमैसत आय रु. ९५०५० रहेको थियो भने खर्च रु. ७७७४६ रहेको पाइयो । यस क्षेत्रमा तरकारी खेती

गर्दा उचित बजार व्यवस्थापनको अभाव सिंचाइको अप्रयाप्तता, आधुनिक उपकरणको अभाव, स्थानीय व्यापारीको मनोमानी आदि समस्या रहेको पाइयो ।

खड्का (२०७०) द्वारा उखु खेती र चिनी उद्योगको आर्थिक उपलब्धी शीर्षकमा शोधपत्र तयार गरिएको थियो । यस अनुसन्धानमा ८३.३३ प्रतिशत स्थानीय किसानले उखु खेतीलाई जिवन रिपोर्टको रुपमा लिएका छन्, किसानले २९.१२ कट्टामा खेती गरी प्रति कट्टा १७.५ क्विण्टल उखु उत्पादन गरी औषत किसानले वार्षिक ५०९६ र क्विण्टल उत्पादन गरी औषत किसानको वार्षिक रु.२०,०९,७३६.४ आम्दानी प्राप्त गरेका थिए । त्यस्तै गरी उखु खेती गर्न सजिलो समयको बचत भएको छ ।

दाहाल (२०७१) द्वारा तरकारी खेतीले स्थानीय किसानको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव शिर्षकमा शोधपत्र तयार गरिएको छ । यस अध्ययनमा नुवाकोट जिल्लामा आधारित भएर गरिएको अनुसन्धान अनुसार प्रमुख तरकारी बालीहरुले कृषकहरुको आयआर्जनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । तरकारी खेती कम लागतमा बढी उत्पादन हुने नगदेबाली भएकाले सामान्य आर्थिक स्थिति भएका कृषकहरुले पनि सजिलै सँग गर्न सक्छन्, तरकारी खेतीले अध्ययन क्षेत्रका कृषकहरुले सामाजिक, आर्थिक र शैक्षिक क्षेत्रमा ठूलो योगदान दिएको छ । यस अध्ययन अनुसार आलु काउली बन्दा, मुला र गोलभेडा खेती बाहेक अन्य खेतीलाई पनि अध्ययनमा समावेश गर्न सकिने कुरा उल्लेख गरिएको छ ।

राई (२०७५), द्वारा आम्दानी र उपयोग बिचको सम्बन्धको अध्ययन शोधपत्र तयार पारिएको छ । यसको अध्ययन क्षेत्र आम्चोक गाउँपालिका वडा नं. २ जिल्ला भोजपुर रहेको छ । यस अध्ययनमा तथ्याङ्क गर्दा प्राथमिक तथा द्वितीय स्रोतबाट लिइएको छ । २०७३/७४ कुल आम्दानी रु. ५६,२३,५५९७५ र कुल खर्च रु. ७१,१९,२९,०८५ आम्दानी र खर्चको तुलनात्मक अध्ययन गर्दा आम्दानी भन्दा खर्च रु. १४,९५,७३,११० बचत रु.८६,११,२५४ रहेको पाइयो । छनोटमा परेको कुल आम्दानी रु.६६९६ प्रतिशत बचत ३३.०३ रहेको पाइयो । अध्ययन क्षेत्रमा परम्परागत कृषि निर्भरता बेरोजगारी, उच्च आश्रित जनसङ्ख्या, पुँजीको अभाव समस्या पाइयो । व्यक्तिगत जीवनस्तर उच्च बनाउन वा आर्थिक विकासका लागि पेशागत वा व्यवसायिक रुपमा तालिमहरु प्रदान गर्नुपर्ने उच्च आम्दानी भएका परिवारहरुलाई कर उठाउनु पर्ने जस्ता सुझावहरु पाइयो ।

भण्डारी (२०६०), द्वरा आलु खेतीको वर्तमान अवस्था र यसले शैक्षिक क्षेत्रमा पारेको प्रभाव शीर्षकमा शोधपत्र तयार गरिएको छ । यस अधययनमा नमुना आकार लिइएका २१६ घरधुरी मध्ये१०० घरधुरीलाई छनोट गरिएको पाइयो । यस अधययनमा आलुको कुल उत्पादन ३,७९,९९० के.जी. र प्रतिकेजी मूल्य २) र जम्मा आम्दानी ५५,८३९.८ रहेको पाइयो । शैक्षिक अवस्था कृषकहरुको जम्मा ५२ जना अर्थात ९.९२ प्रतिशत रहेको पाइयो । सामान्य रुपमा लेखपढ गर्न सक्ने साक्षर जम्मा १५० जना पाइयो । त्यस्तै प्राथमिक शिक्षा १०९ जना नि.मा.वि. ६९ जना र माध्यमिक तह पास गर्ने र ६० जना प्रमाणपत्र तह पास गर्ने ४५ त्यस्तै स्नातक तह ३० स्नातकोत्रर तह पास गर्ने जम्म १२ जना रहेको तथ्यांक पाइयो । आलुको गुणस्तरीय तथा न्नत जातहरुको बिउको अभाव रोगको बढ्दो प्रकोप आदि समस्याहरु रहेको पाइयो भने आलुको भण्डारण उचित मूल्य,बजारको व्यवस्थापन उन्नत जातको बिउबिजन उपलब्ध गराउनुपर्ने सुझावको आवश्यकता भएको पाइयो ।

ढुङ्गाना (२०७३), द्वारा कृषिजन्य उत्पादनबाट प्राप्त आयले किसानको पारिवारिक आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव बारेमा शोधपत्र तयार गरिएको छ । यसको अध्ययन क्षेत्र गोदन गा.वि.स. इलाम जिल्ला रहेको छ जसमा प्राथमिक तथा द्वितीय स्रोतका आधारमा नमुना आकार लिएका घरपरिवार मध्ये २० प्रतिशत घरपरिवारलाई लिइएको पाइयो । यस अधययनमा खाद्यान्न उत्पादन रु.३०,२५,६०० मकै उत्पादन रु.७०९,१०० गहुँ उत्पादन ४२००० रहेको छ । तुलनात्मक रुपमा खाद्यान्न बालीको जम्मा आम्दानी ३७,६०,५०० रहेको छ । तुलनात्मक रुपमा खाद्यान्न १६.०१ प्रतिशत र नगदे बाली ३९.४३ प्रतिशत रहेको पाइयो । कृषि जन्य उत्पादनमा जम्मा आम्दानी २५२५६३० अर्थात् ६५ प्रतिशत रहेको पाइन्छ । कृषि जन्य उत्पादनबाट आय रु. ४५४,४३.७० खर्च ३११,००० अर्थात ८५.३० प्रतिशत बचत ५३५७.४८० अर्थात १४.७० औषतमा पारिवारिक बचत ४९८३.७१ प्रतिशत रहेको पाइयो । कृषिजनय उत्पादनमा देखिएको समस्याहरु, उचित सिचाइको अभाव बजार व्यवस्थापनमा समस्या कृषकलाई तालिमको अभाव उत्पादित वस्तुको उचित मूल्य निर्धारण, कृषि सहकारी संस्थाहरुको स्थापना र बजार व्यस्थापनमा सक्रिय सहभागिता कृषि जन्य वस्तुको भण्डारणमा सहजता मिलाउनु पर्ने जस्ता सुझावहरु दिइएको पाइयो ।

खड्का (२०७०), द्वारा उखु खेती र चिनी उद्योगको आर्थिक उपलब्धी शीर्षकमा शोधपत्र तयार गरिएको छ । यस अध्ययनमा नमुना आकार लिइएका घरपरिवार मध्ये २० प्रतिशत घरपरिवारलाई नमुना छनोटका रुपमा समावेश गरिएको पाइयो । यस अध्ययन अनुसार २९.१२ कट्ठामा उखु खेती गरिएको छ । यस अध्ययन अनुसार किसानहरुको कुल स्थिर लागत रु.४६०,००० कुल लागतको१५.३६ प्रतिशत कुल परिवतर्ननशील लागतको ९५.६ प्रतिशत र कुल लागत रु.४०,३२,१०० रहेको पाइयो । उत्पादित उखु प्रति कट्ठा १७.५ क्विनटल उखु उत्पादन गरी वार्षिक २०,०९,७३६.४ आम्दननी प्राप्त गरेका थिए भने उखु खेती गर्दा विभिन्न रोगहरु दिइएको समस्या लगानीको समस्या, अदक्ष श्रम शक्ति, उचित मूल्य निर्धारण हुन नसक्नु, सरकारर किसानहरु बिच भएका सम्झौता कार्यान्वयन नहुनु जस्ता समस्याहरु रहेको पाइयो ।

खतिवडा (२०७२), द्वारा तरकारी खेतीले कृषकहरुले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव शिर्षकमा सोधपत्र तयार पारिएको छ । यसको अधययन क्षेत्र धादिङ जिल्ला रहेको छ । यस अध्ययनमा नमुना आकार लिइएका घरपरिवार मध्ये १५-२३ प्रतिशतको अध्ययन गरिएको छ । यस अध्ययनमा तरकारी खेती उत्पादन १२५५,३२० केजी र आम्दानीरु.२०९,००,०० रहेको पाइयो । खाद्यान्न बालीबाट प्राप्त आम्दानी रु.२३,९६,७० रहेको छ । खाद्यान्न तथा तरकारी दुवै गर्ने कृषकहरुको आम्दानी रु.२०५,००,००० रहेको छ । वार्षिक औषत खर्च रु.२१२५०८,२३ वार्षिक बचत रु.५९,९२५ रहेको पाइयो । यस अध्ययन अनुसार कृषकहरुमा उचित सिंचाई, सुविधाहरुको अपर्याप्तता लगानीको समस्या, आधुनिक औजार समस्या छ । लगानी मैत्री वातावरणको सिर्जना गर्ने, उचित बजारको व्यवस्थापन गर्नु पर्ने यातायातको साधनको व्यवस्था गर्नुपर्ने जस्ता सझुाव दिइएको पाइयो ।

हमाल (२०७१), द्वारा सूर्ति खेतीकोलागत लाभ विश्लेषण शीर्षकमा शोधपत्र तयार पारिएको छ । यसको अध्ययन क्षेत्र महोत्तरीको रहेको छ । नमुना छनोट गरिएका घर परिवारमध्ये ४१ जना कृषकहरुलाई समावेश गरेर यो शोधपत्र तयार गरिएको पाइयो भने सूर्ति खेतीको वार्षिक लागत रु.३२४,५६,६७० र वार्षिक आम्दानी रु.४५,३०,००० रहेको पाइयो र कृषकहरुले वार्षिक उत्पादन रु. १५,४५,६०० गरेको पाइयो भनेकिसानको वार्षिक बचत ३४,६७०० रहेको पाइयो । यस अधययन अनुसार सूर्ति खेतीमा सिंचाई सुविधाको

अभाव, रोगको महामारी लगानीको अभाव तालिम प्राप्त जनशक्तिको अभाव जस्ता समस्याहरु देखिए ।

## २.३ साहित्यको पुनरावलोकन अध्ययनको उपादेगिता(Implication of the Review of the Research)

नेपालको अर्थव्यवस्थाको मूल आधार कृषि हो । यहाँका ६०.४ प्रतिशत जनसङ्ख्या कृषिमा आवद्ध छन् । नेपालको कुल भूभागको १७.९७ प्रतिशत भुमिक ृकृषियोग्य रहेको छ । नेपालको कृषि व्यवसाय मौसममा निर्भर गर्छ । परम्परागत कृषि प्रणाली, जमिनको असमान वितरण सिंचाइ सुविधाको अपर्याप्तता र कम उत्पादकत्व कृषि क्षेत्रको विकासका प्रमुख समस्या हुन् । नेपालको कृषि उत्पादनमा खाद्यान्न, नगदेबाली तथा दलहन फलफूल तथा तरकारीको महत्वपूर्ण योगदान रहेको छ । आर्थिक सर्वेक्षण (२०७५/७६) अनुसारहाल देशको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २७.० प्रतिशत रहेको छ ।


नेपालको पश्चिम क्षेत्रका १० वटा जिल्लामा जैतुन खेतीको लागि राम्रो हावापानी रहेको पाइन्छ । नेपालमा २००६ मा डोल्पाको जुफाल, मकवानपुरको चित्लाङ र बाजुराको कोल्टीमा परीक्षण गरेसँगै जैतुन खेतीको सुरुवात भएको पाइन्छ भने नेपाल सरकारले २०५७५८ देखि व्यवसायिक रुपमा जैतुन खेती गर्न सरकारी लगानीमा बाजुरा जिल्लाका उत्तर पशिचमका स्थानीय कृषकहरुले सुरुवात गरेको पाइन्छ । हाम्रो देश भौगोलिक रुपमा सानो भएता पनि प्राकृतिक सम्पदाले भरिपूर्ण छ भने हावापानीले विविधतायुक्त भएको कारणले विभिन्न प्रकारका खाद्यान्न बालीहरु तथा नगदेबाली लगाउन सकिन्छ । नेपालको ८२.९३% ग्रामीण क्षेत्र रहेकोले पर्याप्त पूर्वाधारको विकास हुन सकेको छैन । यसले गर्दा उत्पादित वस्तुहरुले बजार पाउन नसक्नुका साथै कृषि क्षेत्रमा प्रयोग हुने औजारहरु प्रयोगमा ल्याउन सकिएको छैन । नेपालमा १० वटा जिल्लामा जैतुन खेतीको राम्रो सम्भावना भए पनि वर्तमान अवस्थामा बाजुरा जिल्लामा मात्र व्यवसायिक रेखी हुँदै गएको र न्यून तेल उत्पादन गर्ने गरेको अवस्था छ । फल उत्पादन राम्रो भएता पनि चेतनाको अभाव, दक्ष जनशक्तिको अभाव र अन्य समस्याका कारण धेरै वर्ष पहिलेबाट खेतीको सुरुवात गरिएमा प्रारम्भिक अवस्थामै छ र राम्रो प्रचार प्रसार, कृषकलाई अनुदानको व्यवस्था, यातायातको सहज व्यवस्था तथा बजारको व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।

## २.४ अनुसन्धान अन्तर(Research Gap)

साहित्यको पुनरावलोकनमा नमुना छनोट उद्देश्यमूलक विधिबाट गरिएको थियो भने यस अध्यायमा जैतुन खेती गर्ने कृषकहरुलाई जनगणना विधिको माध्यमबाट जैतुन खेतीमा संलग्न घरधुरीलाई नमुनाको रुपमा छनोट गरिएको छ । तथ्याङ्क सङ्कलन प्राथमिक तथा द्वितीय स्रोतबाट गरिएको छ । यस अध्ययनमा प्रत्यक्ष व्यक्तिगत अन्तर्वार्ता र प्रत्यक्ष अवलोकनबाट निष्कर्ष निकालिने छ । यस अध्ययनमा जैतुन खेतीमा संलग्न किसानको लागत लक्षित समूह छलफलको माध्यमबाट प्राप्त तथ्याङ्क प्रस्तुत गरिएको छ । यस अध्ययनमा जैतुनको उत्पादनको वर्तमान अवस्था तथा लगतको अवस्था अध्ययन गरिएको छ ।

## २.५ कार्यात्मक ढाँचा (Functional Framework)

यस अध्ययनमा विषयवस्तुसँग सम्बन्धित निम्नानुसारको कार्यात्मक ढाँचालाई चित्रात्मक रुपमा तल प्रस्तुत गरिएको छ ।



# अध्याय : तिन (Chapter Three)

## ३. विधि र प्रक्रियाहरु (Method and Procedure)

यस अध्यायमा अनुसन्धानको प्रयोग गरिने अध्ययनको ढाँचा, अध्ययनको विधि, जनसङ्ख्याको नमुना र नमुना छनोट रणनीति, अध्ययन क्षेत्र, तथ्याङ्क सङ्कलनका साधनहरु र तथ्याङ्क सङ्कलनका प्रक्रिया र तथ्याङ्क विश्लेषणलाई उल्लेख गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा (Research Design)

यो अध्ययन व्याख्यात्मक तथा विश्लेषणात्मक ढाँचामा आधरित हुनेछ । यस अध्ययनका उद्देश्यहरु पूरा गर्न प्राथमिक तथा द्वितीय तथ्याङ्कका स्रोतहरुबाट प्राप्त तथ्याङ्क लिइने छ । प्राथमिक तथ्याङ्क सङ्कलनका साधनहरु प्रश्नावली, लक्षित समूह, छलफल र अवलोकनको प्रयोग गर्नेछु । साथै अध्ययन क्षत्रेका जैतुन खेती गर्ने कृषकहरुमाभm म आफै उपस्थित भई प्रत्यक्ष रुपमा व्यक्तिगत अन्तर्वार्ता लिनेछु । द्वितीय तथ्याङ्क अन्तर्गत अध्ययन क्षेत्रसाग सम्बन्धित प्रकाशित विभिन्न लेखहरु सङ्कलन गरिएको छ । प्राथमिक तथा द्वितीय तथ्याङ्कका स्रोतहरुबाट प्राप्त परिमाणात्मक तथा गुणात्मक तथ्याङ्कलाई विश्लेषणात्मक ढाँचामा तयार गरिएको छ ।

## ३.२ तथ्याङ्कको स्रोत (Source of Data)

यस अनुसन्धानमा तथ्याङ्कका स्रोतको रुपमा प्राथमिक र द्वितीय स्रोत गरी दुई किसिमका स्रोतबाट सङ्कलन गरिएको छ ।

### ३.२.१ प्राथमिक स्रोत (Primary Source)

यस अध्ययनमा आवश्यक पर्ने प्राथमिक तथ्याङ्क सङ्कलनका लागि अनुसन्धानकर्ता आफै जैतुन खेती गर्ने किसानसँगको प्रत्यक्ष अन्तर्वार्ता, प्रश्नावली, अवलोकन तथा छलफलबाट प्राप्त तथ्याङ्कलाई प्राथमिक स्रोतको रुपमा लिइने छ ।

### ३.२.२ द्वितीय स्रोत (Secondary Sources of Data)

यस अध्ययनलाई प्रभावकारी बनाउन आवश्यकता बमोजिम विभिन्न लेख कृषि मन्त्रालय, फलफूल विकास निर्देशनालय, जैतुन स्रोत केन्द्र, जिल्ला कृषि कार्यालयबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.३ जनसङ्ख्या, नमुना आकार र नमुना छनोट रणनीति (Population and Sampling Procedure)

### ३.३.१ जनसङ्ख्या (Population)

अध्ययनकर्तासँग सीमित स्रोत र समयको कारणले गर्दा प्राथमिक तथ्यांक संकलन गर्नका लागि यस अध्ययनमा बाजुरा जिल्लाको उत्तर क्षेत्रमा गरिएको जैतुन खेती मध्ये अनुसन्धानकर्तालाई भौगोलिक दुरिबाट नजिक पर्ने र खेती गरिएको मध्ये हालसम्म बढी उत्पादन भएको क्षेत्र बुढिनन्दा नगरपालिका वडा नं. १ र जगन्नाथ गाउँपालिका वडा नं. १ र २ लाई छनोट गरी सोही क्षेत्रको जनसंख्यालाई अध्ययनको रुपमा छनोट गरिएको छ ।

### ३.३.२ नमुना आकार (Sample Size)

यस अध्ययनमा बुढिनन्दा नगरपालिका वडा नं. १ र जगन्नाथ गाउँपालका वडा नं. १ र २ जैतुन खेती गरेका ५ ओटा व्यक्तिगत फर्म मध्ये १ ओटा जैतुन फर्म र ७ ओटा सहकारी जैतुन फर्म मध्ये बढी उतपादन भइरहेका ३ ओटा जैतुन सहकारी फर्मलाई यस अध्ययनमा नमुनाको आकारको रुपमा छनोट गरिएको छ।

### ३.३.३ नमुना रणनीति (Sample Strategy)

यस अध्ययनमा बुढिनन्दा नगरपालिका वडा नं. १ र जगन्नाथ गाउँपालिका वडा नं. १ र २ मा रहेको जैतुनका बगैंचाहरु मध्ये सामान्य उत्पादन हुने १५ लिटर हुनेदेखि उच्च उत्पादन ५४ लिटर हुने बगैंचाहरुलाई सामान्य सम्भावनायुक्त नमुना छनोट विधिबाट चिठ्टा हालेर अर्थात ५० प्रतिशतलाई अध्यनको नमुना आकार छनोट गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया (Data Collection Procedure)

साधन स्रोत र समयको सीमितताका कारण सम्पूर्ण जनसङ्ख्यालाई लिएर अध्ययन गर्नु कठिन भएकाले सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व हुने गरी नमूना छनोट गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनका साधनहरु (Tools of Data Collection)

यस अध्ययनका लागि आवश्यक सूचना सङ्कलन गर्न निम्न साधनहरु जस्तै : प्रश्नावली अन्तर्वार्ता सूची, छलफल सूची जस्ता साधनहरु प्रयोग गरी सूचना सङ्कलन गरिएको छ । जसलाई अनुसूची १ र २ मा राखिएको छ।

### ३.५.१ प्रश्नावली (Questionnaire)

यस अध्ययनमा तथ्याङ्क सङ्कलनको लागि मुख्य रुपमा संरचित तथा असंरचित प्रश्नावलीको प्रयोग गरिएको छ । अनुसन्धानका लागि आवश्यक पर्ने तथ्याङ्कहरु जस्तैः जैतुन खेती गर्ने कृषकहरुको आर्थिक अवस्था, सरकारले गरेको आर्थिक लागतको अवस्था कृषकहरुको जीवनशैलीमा आएको परिवर्तन र जैतुन खेतीमा देखिएका समस्याहरु बारेमा तथ्याङ्क सङ्कलन गर्न संरचित प्रश्नावलीको निर्माण गरिएको छ । जसको नमुना अनुसूची १ मा राखिएको छ।

### ३.५.२ अवलोकन(Observation)

यस अध्ययनको उद्देश्य पूरा गर्न अनुसन्धानकर्ता स्वयम् जैतुन खेती गरिएको स्थानमा जैतुन बगैंचा किसानको अवस्था र सरकारी अवस्था अध्ययन क्षेत्रमा गएर प्रत्यक्ष अवलोकन गरिएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलन प्रक्रिया (Data Collection Techniques)

यस अध्ययनको उद्देश्य पूरा गर्नका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क सङ्कलन गर्न अध्ययनकर्ता स्वयम् प्रत्यक्ष रुपमा अध्ययन क्षेत्रमा गएर अन्तर्वार्ताद्वारा तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.६.१ अन्तर्वार्ता (Interview)

यस अध्ययनमा आवश्यक प्राथमिक तथ्यांक संकलन गर्नका लागि प्रविधिको रुपमा प्रत्यक्ष व्यक्तिगत अन्तर्वार्ता विधिलाई प्रयोग गरिएको छ । यस अध्ययनको उद्देश्य परिपूर्तिका लागि आवश्यक पर्ने प्राथमिक तथ्यांक संकलन गर्न अनुसन्धानकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई त्यहाँका कृषकहरु कामदारहरु र सरकारी निकायका कर्मचारीहरुसँग आमनो सामने रुपमा बसी प्रश्नोत्तरको माध्यमबाट तथ्यांक संकलन गरिएको छ ।

### ३.६.२ लक्षित समूह छलफल (Focus Group Discussion)

यस अध्ययनको उद्देश्यलाई पूरा गर्न आवश्यक तथ्यांक संकलन गर्नका लागि अनुसन्धानकर्ताले स्वयं उपस्थित भई नमुना छनोटमा परेका कृषकहरुका जैतुन बगैंचामा आवद्ध कामदार र सरकारी निकायद्वारा सञ्चालनमा रहेका बगैंचामा आवद्ध कामदार ६ जनाको समूह बनाई आधा घण्टाको समय राखी छलफल सञ्चालन गरिएको छ । छलफलमा जैतुन खेती कति सालबाट सञ्चालन गर्नुभएको हो ? जैतुनबाट वार्षिक कति आम्दानी हुन्छ ? जैतुन खेती गर्दा पहिले वर्षमा लगानी कति थियो ? जैतुनको विरुवा रोपेको कति वर्षमा फल्न सुरु हुन्छ ? जैतुन खेतीका समस्याहरु के के हुन् ? जैतुन खेतीका लागि सरकारी अनुदानको व्यवस्था कस्तो छ ? आदि प्रश्नको बारेमा छलफल गरिएको छ ।

## ३.७ मुख्य शब्दावलीको अर्थ(Definitions of the Key Terms)

खुद - जैतुनबाट प्राप्त आय र लागत बिचको अन्तर ।

रोजगारी - सामान्य शब्दमा रोजगारी भन्नाले कुनै पनि व्यवसायमा भुक्तानी पाउने गरी गरिने कार्यलाई रोजगारी भनिन्छ ।

राज्यको मापदण्डअनुसार काम गर्ने उमेर पुगेका र वैधानिक कार्य गरेर आम्दानी प्राप्त गर्ने अवस्थालाई रोजगारी भनिन्छ । रोजगारी भित्र रोजगारदाताबाट तलब पाउने गरी काम गर्ने, आफ्नै लगानीमा संचालित व्यापार व्यवसायमा काम गर्ने तथा परिवारको लगानीमा संचालित व्यवसायमा काम गर्ने सबैलाई समावेश गरिएको हुन्छ । यसका साथै

कुनै ताकि वर्तमान समयमा बिरामीका कारण वा स्व-बिदाका कारण वा स्वास्थ्य समस्याका कारणले छैन भने पनि त्यही व्यक्तिलाई रोजगार भित्र समावेश गरिन्छ ।

## ३.८ तथ्याङ्क विश्लेषण(Data Analysis)

यस अध्ययनको लागि आवश्यक तथ्याङ्कहरु प्राथमिक तथा द्वितीय स्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको छ । ती संकलित तथ्याङ्कलाई अर्थपूर्ण बनाउनका लागि तालिकामा प्रस्तुत गरिएको छ । साथै उक्त तालिकाको व्याख्या तथा विश्लेषण गरिएको छ ।

# अध्याय चार (Chapter Four)

## ४. तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण (Analysis and Interpretation of Data)

तथ्यांक संकलनका विभिन्न विधि र प्रक्रियाहरुको अवलम्बन गरी तथ्यांकहरु संकलन गरिसकेपछि प्राप्त तथ्यांकबाट यस अध्ययनमा प्रस्तुत गरिएको छ । विभिन्न स्रोतबाट संकलन गरिएका कोरा तथ्यांकबाट स्पष्ट सूचना र जानकारी प्रष्ट नहुने हुँदा स्पष्ट सूचना र मार्गचित्र प्रस्तुत गर्नका लागि विभिन्न स्रोतबाट प्राप्त तथ्यांकको विश्लेषण चरण हो । यस अध्ययनलाई पूरा गर्नका लागि विभिन्न श्रोतबाट प्राप्त तथ्यांकको आधारबाट विभिन्न बुँदाहरुमा विभाजन गरी निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ४.१ बाजुरा जिल्लाको परिचय (Introduction to Bajura District)

नेपालकोसुदुरमा अवस्थित सुदूरपश्चिम प्रदेश अन्तर्गत पर्ने बाजुरा एक विकट तथा दुर्गम हिमाली जिल्ला हो । यो जिल्ला समुन्दि सतहबाट७२५ मिटर देखि ७०३६ मिटरसम्मको उचाईमा अवस्थित छ । मानव विकाससूचकाङ्कमा पचहतरौं स्थानमा रहेको यो जिल्ला विकासको दृष्टिबाट पिछडिएको जिल्लाकोरुपमा रहेको छ । यातायात लगायत अन्य पूर्वाधारको हिसाबले निकै पिछडिउको बाजुरा जिल्लामा नौ स्थानीय तह (चार नगरपालिका र पाँच गाउँपालिका) रहेका छन् । यस जिल्लाको सिमाना पूर्वमा मुगु र कालिकोट, पशिचममा बझाङ्ग, उत्तरमा हुम्ला र दक्षिणमा अछाम जिल्लासाग जोडिएको छ । जिल्लाको कुल क्षेत्रफल २,१८८०० हेक्टर मध्ये धेरैजसो भूभाग भिर, पहरा चट्टान खोला र जंगलले ढाकिएको छ ।

राष्ट्रिय जनगणना २०६८ अनुसार यस जिल्लाको कुल जनसंख्या १३४,९१२ रहेको छ । जिल्लामा ३३ विभिन्न जात जातिहरु बसोबास गर्दछन् जसमा प्रमुख रुपमा क्रमशः क्षेत्री, कामी, बाहुन, ठकुरी, सार्की, दमाई, ढोली, लुहार, दशनामी, भोटे र बादि जातजातिहरुको बसोबास रहेको छ । अधिकांश जनताको मुख्य पेशा कृषि भएता पनि भारत र अन्य मुलुकमा श्रमिकको रुपमा काम गर्नेले पठाउने रेमिट्यान्स र स्थानीय श्रम बजारमा

श्रम बेचेर प्राप्त आय र स-साना स्वरोजगार मुलुक पेशा व्यवसायको भर थेगबाट अधिकांश जिल्लावासीको जिवन निर्वाह भै रहेको पाइन्छ (त्रि.त्रि.स. कार्यालय, बाजुरा, २०७६) ।

### ४.१.१. बाजुरा जिल्लाको भौगोलिक अवस्था (Geographical Situation)

बाजुरा जिल्ला २८ डिग्री १८ मिनेट उत्तरदेखि २९ डिग्री ५७ मिनेट उत्तरी अक्षांस र ७० डिग्री ०९ मिनेट पूर्व ८१ डिग्री ४९ मिनेट पूर्वी देशान्तरमा फैलिएको छ । जिल्लाको कुल क्षेत्रफल २१८८०० हेक्टर मध्ये सबै हिमाली क्षेत्रमा पर्छ जसमा उच्च हिमालयन १३.४४ मध्ये भाग १४.८०५ र अरु १.७७५ रहेको छ । यस जिल्लाको शहरी क्षेत्रफल ३२ प्रतिशत ग्रामीण क्षेत्रफल ६८ प्रतिशत रहेको छ भने जिल्ला सदरमुकाम मार्तडि हो जुन समुन्द्र सतहदेखि १५५३ मिटरमा अवस्थित छ (जि.ि.स. कार्यालय बाजुरा, २०७६) ।

### ४.१.२ जनसंख्याको अवस्था (Population Condition)

२०६८ सालको जनगणना अनुसार बाजुरा जिल्लाको कुल जनसंख्या १३४,९१२ रहेको छ । कुल जनसंख्या मध्ये पुरुष ६५८०६ अर्थात ४८.७७ प्रतिशत महिला ६११०६ अर्थात् ५१.२३ प्रतिशत रहेको छ जसमा पुरुषको जनसंख्याको तुलनामा महिलाको बढी रहेको छ यस जिल्लामा जम्मा २४९०८ घर संख्या रहेका छन् । जनघनत्व ६२ प्रतिशत वर्ग कि.मी. रहेको छ भने औषत आयु ४१ वर्ष २ साक्षरता दर ५८.१ प्रतिशत रहेको छ ( केन्द्रीय तथ्यांक विभाग, २०१८) ।

### ४.१.३ जातिगत विवरण (Caste Description)

बाजुरा जिल्ला परापूर्वकालमा जुम्ला राज्यमा पर्दथ्यो जसका कारणले यस जिल्लामा खस भाषा बोल्ने ब्राह्मण क्षेत्री दमाइ, कामी, ठकुरी, सार्कीहरुको बसोबास भएको पाइन्छ भने हाल आएर अन्य जिल्लाबाट बसाइ सराई गरी आयका अन्य जात जातिहरुको पनि बसोबास रहेको छ । बाजुरा जिल्लाको जातीय स्वरुपलाई तल तालिका ४.१ मा देखाइएको छ ।

## तालिका ४.१

## बाजुरा जिल्लाको जातिगत विवरण - २०७६

| क.सं. | जातजाति | प्रतिशत |
|---|---|---|
| १ | ब्राह्मण | २४.०३ |
| २ | कामी | ३२.२ |
| ३ | दमाई | १२.०१ |
| ४ | सार्कि | ७.०१ |
| ५ | ठकुरी | १०.३ |
| ६ | क्षेत्री | १०.०३ |
| ७ | अन्य | ३.४ |
| | जम्मा | १०० |

स्रोत : जि.वि.स. कार्यालय, बाजुरा, २०७६ ।

तालिका ४.१ मा बाजुरा जिल्लाको जातिगत विवरण देखाइएको छ । जसअनुसार सबैभन्दा बढी जनसंख्या कामी जातिको ३२.२ प्रतिशत रहेको पाइन्छ । त्यस्तैगरी ब्राह्मण २४.०३, दमाई १२.०१, सार्की ७.०१, ठकुरी १०.०३ र अन्य जाति ३.४ प्रतिशत रहेको पाइन्छ ।

### ४.१.४ शैक्षिक अवस्था (Educational Status)

शिक्षा नै विकासको मेरुदण्ड हो । सोही तथ्यलाई आधार मानी यस जिल्लामा रहेका सरकारी तथा निजी विद्यालय तथा क्याम्पसहरु निम्न तालिकामा देखाइएको छ ।

## तालिका ४.२

## बाजुरा जिल्लाको शैक्षिक संस्थाको विवरण

| शिक्षण संघसंस्था | निजी | सरकारी | जम्मा |
|---|---|---|---|
| क्याम्पस | ० | ४ | ४ |
| उ.मा.वि. | ० | १९ | १९ |
| मा.वि. | १० | २९ | ३९ |
| नि.मा.वि. | १८ | २८ | ४६ |
| प्रा.वि. | ३६ | ११० | १४६ |
| बाल विकास केन्द्र | ० | २२३ | २२३ |

स्रोत : जिल्ला शिक्षा कार्यालय, बाजुरा, २०७६ ।

तालिका ४.२ मा बाजुरा जिल्लामा रहेका सम्पूर्ण शैक्षिक संस्थाहरुको वितरण देखाइएको छ जस अनुसार जिल्लाभरि ४ ओटा क्याम्पस रहेका छन्, उ.मा.वि. १९ ओटा, मा.वि. निजि स्तरका १० ओटा र सरकारी २५ गरी ३९ ओटा त्यस्तै नि.मा.वि. निजी स्रका १८ ओटा सरकार, २८ ओटा त्यस्तै प्रा.वि. निजी स्तरका ३६ ओटा र सरकारी ११० गरी १४६ ओटा बाल विकास केन्द्र हालसम्म सञ्चालनमा नभएका र सरकारी स्तरका २२३ ओटा सञ्चालनमा रहेको देखिन्छ ।

## ४.१.५ आर्थिक सामाजिक अवस्था (Socio-economic Status)

बाजुरा जिल्लाको आर्थिक अवस्थालाई गर्दा निम्न उपशीर्षकमा विभाजन गर्न सकिन्छ ।

### १. उद्योग, पेशा र व्यवसाय (Industries, Profession and Business)

बाजुरा जिल्लाको प्रमुख व्यवसाय कृषि हो भने वर्तमान समयमा कुखुरा पालन, बँगुर पालन, तरकारी खेती, फलफुल खेती, सरकारी रनिजी क्षेमा जागीर प्रमुख रहेका छन् :

### २. भू-उपभोग(Land Holding)

बाजुरा जिल्लाको भूमि सबै ठाउँमा एकैनासको छैन । यहाँको भूभागलाई अवस्थालाई निम्न तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

**तालिका ४.३**

**बाजुरा जिल्लाको भू-उपयोगको अवस्था**

| क्र.सं. | भूमि क्षेत्र | प्रतिशत |
|---|---|---|
| १ | खेती योग्य जमीन | ११.११ |
| २ | खेती गरिएको जमीन | ९.२१ |
| ३ | सिंचित क्षेत्र | १.४५ |
| ४ | सिंचित क्षेत्र (आंशिक) | ३.१९ |
| ५ | असिंचित क्षेत्र | ७.७८ |
| ६ | वन, चरण, झाक्रि आदि | ६३.२९ |
| ७ | घर घडेरी र उद्योग | १.९९ |
| ८ | अन्य | २५.७३ |

स्रोत : जि.वि.स. कार्यालय २०७६ बाजुरा ।

तालिका ४.३ मा बाजुरा जिल्लाको भु-उपयोगको अवस्थालाई देखाइएको छ । यस जिल्लाको कुल क्षेत्रफल २१८८०० हेक्टर क्षेत्रफल रहेको छ जसमध्ये खेती योग्य जमीन ११.११ प्रतिशत खेती गरिएको ९.२१, सिंचित क्षेत्र १.४५, आंशि सिंचित क्षेत्र ३.१९, वन चरण, झाडि ६३.२९ घर घडेरी र उद्योग १.९९ र अन्य २५.७३ रहेको पाइयो ।

## ४.२ जैतुन व्यवसायीको पारिवारिक विवरण (Details of Olive Farmers Family)

यस अध्ययन अन्तर्गत जैतुन व्यवसायीको समग्र अवस्था पत्ता लगाउनका लागि जैतुन फर्मका व्यवसायीको परिवारको उमेरगत विवरण, लैङ्गिक विवरण, शैक्षिक विवरण, वैवाहिक स्थिति व्याख्या गरिएको छ । यस फर्ममा जैतुन व्यवसायमा संलग्न भएका व्यवसायिकको पारिवारिक सदस्यको विवरण पत्ता लगाउन स्थलगत सर्वेक्षण गरिएको थियो जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

### १. कार्कि जैतुन फर्म

**तालिका ४.४**

| क्र.सं. | उमेर समूह | संख्या | पुरुष | महिला | विवाहित | अविवाहित | आधारभूत | माध्यमिक |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०-१० | - | - | - | - | - | - | - |
| २ | १०-२० | २ | १ | १ | - | २ | २ | - |
| ३ | २०-३० | - | | | | | | |
| ४ | ३०-४० | ३ | २ | १ | ३ | - | २ | २ |
| ५ | ४०-५० | २ | १ | १ | २ | - | १ | - |
| ६ | ५०-६० | | | | | | | |
| जम्मा | | ७ | ४ | ३ | ५ | २ | ५ | २ |

### २. जैतुन कृषि सहकारीको सदस्य संख्याको विवरण

**तालिका ४.५**

| क्र.सं. | उमेर समूह | महिला | पुरुष | साक्षर | निरक्षर |
|---|---|---|---|---|---|
| १ | २५-७० | ४० | ३० | ५० | २० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.४ लाई अध्ययन गर्दा कार्कि जैतुन फर्मका व्यवसायीको परिवारमा ०-१० वर्षसम्म नभएको १०-० वर्षका २ जना, २०-३० वर्षका ० जना ३०-४० का ३ जना, ४०-५० २ जना सदस्य रहेको पाइयो भने पुरुष ४ जना र महिला ३ जना त्यस्तै वैवाहिक अवस्थालाई हेर्दा ५ जना र अविवाहित २ जना शिक्षाको अवस्था हेर्दा ३ जना माध्यमिक ४ जना उच्च शिक्षा प्राप्त गरेको देखियो ।

तालिका ४(५ मा समूहमा जैतुन खेती गरिएको छ जसमा सदस्य संख्या ७० जना रहेको छ ती मध्ये २५-७० वर्ष उमेर समूहका छन् र सबै विवाहित रहेका छन् जसमा ४० जना महिला र ३० जना पुरुष छन् जसमध्ये साक्षर ५० जना निरक्षर २० जना भएको पाइयो ।

## ४.२.१ जतैन फर्मको वर्तमान अवस्था (Current Situation of Olive Firm)

यस अध्ययनमा जैतुन फर्मको भएको उत्पादन र रोजगारीको विश्लेषण गर्नका लागि बाजुरा जिल्ला बुढिनन्दा नगरपालिका वडा नं. १ र जगन्नाथ गाउँपालिका वडा नं. १ र २ मा अवस्थित व्यवसायीहरु कार्कि जैतुन फर्म, जैतुन कृषि सहकारीर जनप्रकाश उ.मा.वि. जैतुन विकास फा्र्म क्रमशः २०७० र २०७२ सालबाट सुरु गरिएको पाइयो भने जन प्रकाश उ.मा.वि.मा २०५२ बाट सुरु गरिएको थियो । कार्की जैतुन फर्ममा जनप्रकाश उ.मा.वि.बाट २०७० सालमा ११० ओटो आधुनिक जातको बिरुवा या हेक्टर क्षेत्रफलमा खेती गरेको स्थलगत सर्वेक्षणमा पाइयो भने जैतुन कृषि फर्ममा २०७२ मा सोही जनप्रकाश उ.मा.वि.बाट आधुनिक जातका ५० ओटा बिरुवा आफ्नो जमिन ०.५ हेक्टरमा खेती गरेको पाइयो भने जनप्रकाश उ.मा.वि.मा २०५२ सालदेखि नेपाल सरकार र इटाली सरकारको सहयोगमा ७५० ओटा बिरुवा केही आधुनिक जातका र केही जङ्गली जातका बिरुवा ३ हेक्टर क्षेत्रफलमा रोपेर व्यवसायिक रुपमा खेती गरेको स्थलगत सर्वेक्षणमा पाइयो ।

## ४.२.२ जैतुनका प्रकार (Types of Olive)

विश्वमा विभिन्न प्रकारका जैतुन भएता पनि नेपालमा उत्पादनका हिसाबले सफल भएका जातहरुः अस्कोलाना, तोथेलारा, कोराटिना, लेचिनो, पेण्डोलिको अस्कोलाना, तोथेलारा, कोराटिना, लेचिनो, पेण्डोलिरो फ्रान्टोयो भएको स्थलगत सर्वेक्षणमा पाइयो ।

### ४.२.३ जैतुन तेलको मूल्य (Price of Olive Oil)

जैतुन तेलको मूल्य तेलको गुणस्तर अनुसार फरक-फरक पाइयो जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.६**

| क.सं. | तेलको वर्गीकरण | प्रति मूल्य (लिटर) (रु.मा) |
|---|---|---|
| १ | फाइन भर्जिन तेल | ३००० |
| २ | सेमी फाइन अर्डिनरी तेल | २५०० |
| ३ | भर्जिन तेल | २००० |
| ४ | रिफाइन तेल | १८०० |

स्रोत : नेपाल खाद्य तथा गुण नियन्त्रण विभाग २०१८ ।

### ४.२.४ जैतुन फर्मको उत्पादन विश्लेषण (Production Analysis of the Olive Firm)

### ४.३ जैतुन फर्मको उत्पादन (Production of Olive)

जैतुनको उत्पादन भन्नाले जैतुनको बिरुवा उत्पादन देखि लिएर जैतुनको पफल र तेल निर्माण गर्ने सम्मको प्रक्रियालाई बुझिन्छ । उत्पादनका साधनहरुको प्रयोग गरेर सम्पूर्ण प्रक्रियालाई उत्पादन भनिन्छ । यस अध्ययनमा समावेश भएको जैतुनको उत्पादनको विवरणलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

### १. कार्की जैतुन फर्मको उत्पादन विवरण २०७४।२०७५ र २०७६

कार्की जैतुन फर्मले २०७४, २०७५ र २०७६ मा उत्पादन गरेको दाना फलको विवरणलाई तालिका ४.७ मा प्रस्तुत गरिएको छ :

**तालिका ४.७**
**कार्की जैतुन फर्म २०७४ को दाना (फल) उत्पादन**

| जम्मा बिरुवा संख्या | प्रति बोट उत्पादन (केजी) | कुल उत्पादन (केजी) |
|---|---|---|
| ११० | ५ केजी | ५५० केजी |

स्रोत : स्थलगत सर्वेक्षण २०७८ ।

तालिका ४.७ मा कार्कि जैतुन फर्मको फल उत्पादन देखाइएको छ जसमा १ हेक्टर क्षेत्रफलमा ११० ओटा बिरुवाबाट प्रतिबोट ५ केजी उत्पादन हुने गरेको छ भने फर्मको सम्पूर्ण उत्पादन ५५० केजी रहेको पाइयो ।

**तालिका ४.८**

**२०७५ को उत्पादन**

| जम्मा बिरुवा संख्या | प्रतिबोट उत्पादन (केजी) | कुल उत्पादन (केजी) |
|---|---|---|
| ११० | ५० बोटमा ३ केजी | १५० केजी |
| | ६० बोटमा २.५ केजी | १५० केजी |

**तालिका ४.९**

**२०७६ को उत्पादन**

| जम्मा बिरुवा संख्या | प्रतिबोट उत्पादन (केजी) | कुल उत्पादन (केजी) |
|---|---|---|
| ११० | ७ केजी | ७७० केजी |

स्रोत : स्थलगत सर्वेक्षण २०७८ ।

तालिका ४.९ मा जैतुनको उत्पादन कुनै वर्ष कम र कुनै वर्ष बढी फल्ने भएकाले ११० जम्मा बिरुवा संख्याबाट प्रतिबोट ७ के.जी.फलेको पाइयो भने कुल उत्पादन ७७० भएको पाइयो ।

## २. कार्की जैतुन फर्मको तेल उत्पादन

जैतुनको तेल उत्पादन गर्दा प्रत्येक ५ किलोग्रामबाट उच्च गुणस्तरको १ लिटर तेल उत्पादन हुन्छ भने अन्य तेल गुणस्तर अनुसार निस्कने गरेको स्थलगत सर्वेक्षणमा पाइयो जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

**तालिका ४.१०**

**२०७४ को तेल उत्पादन विवरण**

| क.सं. | तेलको वर्गीकरण | जम्मा उत्पादन |
|---|---|---|
| १ | फाइन भर्जिन तेल | ११० लिटर |
| २ | सेमिफाइन अर्डिनरी तेल | २७५ लिटर |
| ३ | भर्जिन तेल | ८०० लिटर |
| ४ | रिफाइन तेल | १,१०० लिटर |
| | जम्मा | २२८५ लिटर |

स्रोत :स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.१० मा कार्की जैतुन फर्मको तेल उत्पादन २,२८५ लिटर भएको पाइयो जसमा उच्च गुणस्तरको ११० लिटर जुन विदेशमा नियर्जात हुने र वास्नादार हुन्छ भन्ने पाइयो भने त्यो भन्दा केही कम गुणस्तरको तेल जुन नेपालमा पाइन्छ २७५ लिटर उत्पादन भएको पाइयो र तालिकामा क्रमश ३ र ४ मा उत्पादन देखाइएको छ जुन अचारको लागि हात गोडा मालिसको लागि र औषधीको लागि उत्पादन गर्ने गरेको पाइयो ।

**तालिका ४.११**

**२०७५ को तेल उत्पादन विवरण**

| क.सं. | तेलको वर्गीकरण | जम्मा उत्पादन |
|---|---|---|
| १ | फाइन भर्जिन तेल | ७० लिटर |
| २ | सेमिफाइन अर्डिनरी तेल | १५० लिटर |
| ३ | भर्जिन तेल | २५० लिटर |
| ४ | रिफाइन तेल | ७०० लिटर |
| | जम्मा | १०६० लिटर |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.११ मा तेलको उत्पादनलाई हेर्दा ४.१० को भन्दा घटेको देखिन्छ जसको कारण एक वर्ष फल बढी फल्ने र अर्को वर्ष कम फल्ने गरेको स्थलगत सर्वेक्षणको क्रममा पाइयो ।

## तालिका ४.१२

## २०७६ को तेल उत्पादन विवरण

| क.सं. | तेलको वर्गीकरण | जम्मा उत्पादन |
|---|---|---|
| १ | फाइन भर्जिन तेल | १५८ लिटर |
| २ | सेमिफाइन अर्डिनरी तेल | ११५५ लिटर |
| ३ | भर्जिन तेल | १३०० लिटर |
| ४ | रिफाइन तेल | १५४० लिटर |
| | जम्मा | १०६० लिटर |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.१२ मा जैतुनको तेल उत्पादन हेर्दा जम्मा तेल ४१७५ लिटर भएको पाइयो जसमा गुणस्तरीय तेल १५८ लिटर भएको छ भने अन्य तेलको वर्गीकरण अनुसार भएको पाइयो ।

## २. जैतुन कृषि सहकारीको उत्पादन विवरण

जैतुन कृषि सहकारी फर्ममा ७० जना सदस्यहरुको सहभागीतामा जैतुन खेती गरिएको छ । जसमा सदस्यहरुले आ-आफ्नो निजी स्वामित्वमा रहेको भिरालो जग्गामा जनप्रकाश उ.मा.वि. बाट जैतुका विरुवाहरु रोपेर जैतुन खेती सुरु गरिएको र हाल जैतुनको विरुवाले उत्पादन गर्न शुरु गरेपछि सबै सदस्यको सम्पूर्ण उत्पादनलाई एकै ठाउँमा जम्मा गरेर पिस्ने र प्राप्त आम्दानीलाई बाँदफाँद गर्ने गरिएको छ जुन उत्पादनलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका४.१३

## जैतुन कृषि सहकारीको फल उत्पादन २०७४

| जम्मा विरुण | प्रतिबोट उत्पादन (केजी) | कुल उत्पादन |
|---|---|---|
| ५० | २ | २५० के.जी. |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.१३ मा जैतुन कृषि सहकारीको जैतुनको फल उत्पादन देखाइएको छ जसमा ०.५ हेक्टर क्षेत्रफलमा लगाइएको आधुनिक जातका जैतुनबाट २५० केजी र जंगली जैतुनबाट समूहका सदस्यहरु मिलेर ५०० केजी फल संकलन गरेको पाइयो ।

## तालिका ४.१४

## जैतुन कृषि सहकारीको २०७५ को उत्पादन विवरण

| जम्मा विरुवा संख्या | प्रतिबोट उत्पादन (केजी) | कुल उत्पादन |
|---|---|---|
| ५० | २० बोटमा २ केजी | १ के.जी. |
| | ३० बोटमा १.५ केजी | ९० के.जी. |
| जंगली जैतुनको दान संकलन | | २०० के.जी. |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.१४ मा दुवै खाले जैतुनबाट जम्मा उत्पादन २९० केजी भएको पाइयो भने तालिका ४.१३ र ४.१४ मा उत्पादनको फरक ४६० केजी पाइयो ।

## तालिका४.१५

## जैतुन कृषि सहकारीको २०७६ को उत्पादन विवरण

| जम्मा विरुवा संख्या | प्रतिबोट उत्पादन (केजी) | कुल उत्पादन |
|---|---|---|
| ५० | ७ केजी | ३५० के.जी. |
| जंगली जैतुनको दान संकलन | | १००० के.जी. |
| | जम्मा | १३५० के.जी. |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.१५ दुवै खाले जैतुनबाट १३५० केजी जैतुनका फल उत्पादन गरिएको पाइयो जुन आधुनिक जैतुनको बोटबाट ३५० केजी र जंगलीबाट १००० केजी जैतुनको संकलन गरेको पाइयो स्थलगत सर्वेक्षणबाट ।

## जैतुन कृषि सहकारीको तेल उत्पादन विवरण

### तालिका ४.१६

### जैतुन कृषि सहकारीको २०७४ को तेल उत्पादन विवरण

| क.सं. | तेलको वर्गीकरण | जम्मा उत्पादन |
|---|---|---|
| १ | फाइन भर्जिन तेल | ४८ लिटर |
| २ | सेमिफाइन अर्डिनरी तेल | ३७५ लिटर |
| ३ | भर्जिन तेल | ४०० लिटर |
| ४ | रिफाइन तेल | ५०० लिटर |
| ५ | जंगली जैतुनबाट उत्पादित तेल | २५० लिटर |
| | जम्मा | १५७३ लिटर |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.१६ मा जैतुन कृषि फर्मको २०७४ को दुवै खाले जैतुनको तेल उत्पादन देखाइएको छ जसमा जम्मा उत्पादन १५७३ लिटर रहेको छ भने त्यस मध्ये गुणस्तरीय तेल ४८ लिटर उत्पादन भएको स्थलगत सर्वेक्षणमा पाइयो ।

### तालिका४.१७

### जैतुन कृषि सहकारी फर्मको २०७५ को तेल उत्पादन विवरण

| क.सं. | तेलको वर्गीकरण | जम्मा उत्पादन |
|---|---|---|
| १ | फाइन भर्जिन तेल | १८ लिटर |
| २ | सेमिफाइन अर्डिनरी तेल | २७ लिटर |
| ३ | भर्जिन तेल | ३० लिटर |
| ४ | रिफाइन तेल | ३७ लिटर |
| ५ | जंगली जैतुनबाट उत्पादित तेल | २३ लिटर |
| | जम्मा | १०८ लिटर |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.१७ मा दुवै खाले जैतुनबाट जम्मा १०८ लिटर तेल उत्पादन भएको पाइयो जसमध्ये गुणस्तरीय तेल १८ लिटर र अरु अन्य खालको तेल उत्पादन भएको स्थलगत सर्वेक्षणका क्रममा पाइयो ।

## तालिका४.१८

## २०७६ को तेल उत्पादन विवरण

| क्र.सं. | तेलको वर्गीकरण | कुल उत्पादन |
|---|---|---|
| १ | फाइन भर्जिन तेल | ६५ लिटर |
| २ | सेमिफाइन अर्डिनरी तेल | १०५ लिटर |
| ३ | भर्जिन तेल | ११० लिटर |
| ४ | रिफाइन तेल | १३२ लिटर |
| ५ | जंगली जैतुनबाट उत्पादित तेल | २० लिटर |
| | जम्मा | ४३२ लिटर |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.१८ मा दुवै खाले जैतुनबाटको कुल उत्पादन ४३२ लिटर भएको पाइयो जसमध्ये गुणस्तरीय तेल ६५ लिटर उत्पादन भएको छ भने अरु अन्य तेलको उत्पादन भएको स्थलगत सर्वेक्षणमा पाइयो ।

## तालिका ४.१९

## जैतुन कृषि सहकारीको आम्दानी (रु.मा)

| साल | परिमाण (लिटरमा) | आय (रु.मा) |
|---|---|---|
| जैतुन तेल बिक्री २०७४ | ४८ | १४४००० |
| जैतुन तेल बिक्री २०७५ | १८ | ५४००० |
| जैतुन तेल बिक्री २०७६ | ६५ | १९५००० |
| जम्मा | १३१ | ३९३००० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.१९ मा जैतुन कृषि सहकारी फर्मद्वारा सञ्चालन जैतुन फर्मको आम्दानीलाई देखाइएको छ । यस फर्ममा जैतुन तेल २०७४ मा ३००० प्रति लिटर रहेको

थियो भने २०७६ सम्म आउँदा तेलको मूल्य स्थिर नै रहेको पाइयो भने ३ वर्षमा यस फर्मबाट १३१ लिटर तेल बेच्न सफल भई तिन वर्षको कुल आम्दानी ३९३००० भएको स्थलगत सर्वेक्षणको आधारमा प्राप्त भयो ।

## ३. जनप्रकाश उ.मा.वि. जैतुन कृषि फर्म फल उत्पादन विवरण

जनप्रकाश उ.मा.वि. जैतुन कृषि फर्म नेपाल सरकार र इटली सरकारको संयुक्त सहयोगमा सञ्चालनमा ल्याइएको जैतुन फर्म हो । यस फर्मको ७४, ७५ र ७६ को फल, दाना र उत्पादनलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

### तालिका ४.२०

### २०७४ को उत्पादन विवरण

| जम्मा विरुवा संख्या | प्रतिबोट उत्पादन (केजी) | कुल उत्पादन |
|---|---|---|
| ५०० | ५ केजी | २५०० के.जी. |
| जंगली जैतुनबाट संकलन | | ५०० के.जी. |
| | जम्मा | ३००० के.जी. |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.२० मा जनप्रकाश उ.मा.वि.जैतुन कृषि फर्मको फल (दाना) को उत्पादन विवरण देखाइएको छ । यो बाजुरा जिल्लाको सबैभन्दा ठूलो व्यवसायिक फर्म भएको पाइयो जसमा ५०० ओटा बिरुवाबाट प्रतिबोट ५ केजी उत्पादनका दरले २५०० केजी कुल उत्पादन वार्षिक रुपमा भएको र यस फर्मले जंगली जैतुनबाट ५०० केजी उत्पादन गरी घरायसी प्रयोजनमा प्रयोग गरेको स्थलगत सर्वेक्षणका क्रममा पाइयो ।

### तालिका ४.२१

### २०७५ को उत्पादन विवरण

| जम्मा विरुवा संख्या | प्रतिबोट उत्पादन (केजी) | कुल उत्पादन (केजी) |
|---|---|---|
| ५०० | १०० बोटमा २ केजी<br>५० बोटमा २.५ केजी | ३२५ के.जी. |
| जंगली जैतुनबाट संकलन | | २५० के.जी. |
| | जम्मा | ५७५ के.जी. |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.२१ मा जनप्रकाश उ.मा.वि.को २०७५ को फल उत्पादन विवरण देखाइएको छ जसमा २०७४ को तुलनामा उत्पादन कम छ । २०७४ मा कुल उत्पादन १७५० केजी थियो भने २०७५ मा ५७५ केजी छ । जैतुन एक वर्ष राम्रो उत्पादन हुने र अर्को वर्ष न्यून उत्पादन हुने हुँदा फरक आउने स्थलगत सर्वेक्षणको क्रममा पाइयो ।

## तालिका ४.२२

## २०७६ को उत्पादन विवरण

| जम्मा विरुवा संख्या | प्रतिबोट उत्पादन (केजी) | कुल उत्पादन (केजी) |
|---|---|---|
| ५०० | ९ केजी | ४५०० के.जी. |
| | जम्मा | ४५०० के.जी. |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.२२ मा २०७६ को उत्पादन विवरण हेर्दा बिरुवाको परिपक्वतासँगै उत्पादनमा वृद्धि भई प्रति बोट ९ केजीका दरले कुल उत्पादन ४,५०० केजी उत्पादन भएको र जंगली जैतुन संकलन नगरिएको स्थलगत सर्वेक्षणका क्रममा पाइयो ।

## तालिका ४.२३

## २०७४ को तेल उत्पादन विवरण

| क्र.सं. | तेलको वर्गीकरण | कुल उत्पादन |
|---|---|---|
| १ | फाइन भर्जिन तेल | ३००० लिटर |
| २ | सेमिफाइन अर्डिनरी तेल | ७५०० लिटर |
| ३ | भर्जिन तेल | ८००० लिटर |
| ४ | रिफाइन तेल | ११००० लिटर |
| ५ | जंगली जैतुनबाट उत्पादित तेल | १०० लिटर |
| | जम्मा | १२४०० लिटर |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.२३ मा जनप्रकाश उ.मा.मा रोपिएको जैतुनको तेल उत्पादनलाई देखाइएको छ जसमा उच्च गुणस्तरको ३००० लिटर तेल उत्पादन अन्य तेलहरु क्रमशः ७५०० लिटर, ८००० लिटृर, १०,००० लिटर र जङ्गली जैतुनबाट १०० लिटर तेल

उत्पादन भई कुल उत्पादन १२,४०० लिटर तेल उत्पादन भएको स्थलगत सर्वेषण २०७८ का क्रममा पाइयो ।

## तालिका ४.२४

## २०७५ को तेल उत्पादन विवरण

| क्र.सं. | तेलको वर्गीकरण | कुल उत्पादन |
|---|---|---|
| १ | फाइन भर्जिन तेल | ७५ लिटर |
| २ | सेमिफाइन अर्डिनरी तेल | ७.५ लिटर |
| ३ | भर्जिन तेल | १०४.५ लिटर |
| ४ | रिफाइन तेल | ६५० लिटर |
| ५ | जंगली जैतुनबाट उत्पादित तेल | ६४३ लिटर |
| | जम्मा | ९६० लिटर |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.२४ मा जनप्रकाश उ.मा.मा रोपिएको जैतुनको २०७५ को तेल उत्पादनको विवरणलाई देखाइएको छ जसमा उच्च गुणस्तरको तेल ६५ लिटर उत्पादन भएको २०७४ मा उच्च गुणस्तरको तेल ३,००० लिटर उत्पादन भएकोमा २०७५ एकदमै न्यून उत्पादन भएको पाइयो जसको कारण जैतुन एक वर्ष फल्ने र अर्को वर्ष नफल्ने वा दान फल लाग्ने गरेको स्थलगत सर्वेक्षणका क्रममा पाइयो । त्यस्तै अन्य तेलहरुको उत्पादन पनि अघिल्लो वर्षको तुलनामा कम भएको पाइयो भने कुल उत्पादन १२,४०० लिटर उत्पादन भएको पाइयो ।

## तालिका ४.२५

## २०७५ को तेल उत्पादन विवरण

| क्र.सं. | तेलको वर्गीकरण | कुल उत्पादन |
|---|---|---|
| १ | फाइन भर्जिन तेल | ९,००० लिटर |
| २ | सेमिफाइन अर्डिनरी तेल | १३,५०० लिटर |
| ३ | भर्जिन तेल | १५००० लिटर |
| | जम्मा | ३७,५०० लिटर |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.२६ मा २०७६ को तेल उत्पादनको विवरण देखाइएको छ जसमा कुल उत्पादन ३७,५०० लिटर उत्पादन भएको छ जसमा उच्च गुणस्तरको तेल ९,००० लिटर र अन्य क्रमशः १३,५०० लिटर र १५,००० लिटर उत्पादन भएको स्थलगतसर्वेक्षणमापाइयो ।

**तालिका ४.२६**

**जनप्रकाश उ.मा.वि. जैतुन कृषि फर्मको आम्दानी (रु.मा)**

| साल | परिमाण (लिटरमा) | आय (रु.मा) |
|---|---|---|
| २०७४ | ३,००० | ९०,००,००० |
| २०७५ | ६५ | १९५,००० |
| २०७६ | ९,००० | २,७०००,००० |
| जम्मा | | ३६,१९५,००० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.२६ मा जनप्रकाश उ.मा.वि. जैतुन कृषि फर्मद्वारा सञ्चालित जैतुनको वार्षिक आम्दानीलाई देखाइएको छ । यस फर्ममा जैतुनको तेल उत्पादनलाई हेर्दा धेरै भएता पनि उच्च गुणस्तरको तेल मात्र बजारमा बिक्री हुने भएकाले प्रति लिटर ३००० का दरले बिक्री गरी २०७४ मा रु.९,००,००००, २०७५ मा रु.१९५,००० र २०७६ मा रु.२७००,०० गरी कुल आम्दानी रु. ३६७९५००० भएको स्थलगत सर्वेक्षणको आधारमा प्राप्त भयो ।

## ४.४ जैतुन फर्मको रोजगारी (Employment of the Olive Firm)

रोजगारी भन्नाले कुनै पनि व्यवसायमा भुक्तानी पाउने गरी गरिने कार्य वा सेवालाई रोजगारी भनिन्छ । हरेक व्यवसायमा यिवसायमा छिटोभन्दा छिटो कार्य सम्पन्न गर्न र थोरै लागतमा धेरै उत्पादन गर्ने उद्देश्यले श्रमिकहरु लगाउने गरिन्छ । यस अधययनमा जैतुन खेतीबाट प्राप्त हुने आम्दानी र रोजगारीको विश्लेषण अन्तर्गत कार्की जैतुन फर्म, जैतुन सहकारी फर्म र जनप्रकाश उ.मा.वि. जैतुन कृषि फर्ममा जैतुनको फल र तेल उत्पादन गर्ने क्रममा लगाएका श्रमिकहरुको संख्यालाई रोजगारी भनी व्याख्या गरिएको छ भने उत्पादनलाई व्याख्या गर्ने विभिन्न अवधारणा वा माध्यम भएता पनि यस अध्ययनमा कुल उत्पादनलाई मात्र व्याख्या गरिएको छ र यस अधययनमा रोजगारीको विश्लेषणलाई पत्ता लगाउन निम्न तालिकाको माध्यमबाट प्रस्तुत गरिएको छ ।

## तालिका ४.२७

## कार्की जैतुन फर्मको रोजगारीको विश्लेषण

| क्र.सं. | साल | श्रमिक संख्या | घण्टा | दिन | प्रतिव्यक्ति ज्याला | कुल ज्याला |
|---|---|---|---|---|---|---|
| १ | २०७४ | आंशिक श्रमिक ४५ पूर्णकालीन श्रमिक ५ | १४० | २० | २५० | १२५०० |
| २ | २०७५ | आंशिक श्रमिक १५ पूर्णकालीन ५ जना घर परिवारका सदस्य | ९८ | ७ | ३०० | ६००० |
| ३ | २०७६ | आंशिक श्रमिक ७० पूर्ण रोजगार ५ जना घरपरिवारका सदस्य | २१० | ३० | ७०० | ५२५०० |
| | | जम्मा | ३९९ | | | ७१००० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.२७ मा कार्की जैतुन फर्मको रोजगारीको विश्लेषण गरिएको छ जसमा २०७४ मा यस जैतुन फर्ममा आंशिक रुपमा ४५ जना श्रमिक र पूर्ण रुपमा ५ जना घरपरिवारका सदस्यले १४० घण्टा २० दिन प्रतिव्यक्ति २५० रुपैयाँ ज्याला दिइने गरी श्रमिक लगाई ११,२५० जम्मा ज्याला खर्च गरी जैतुन उत्पादन गरिएको पाइयो । त्यसैगरी २०७५ मा १५ जना आंशिक श्रमिक ५ जना घरपरिवारका सदस्यले ९८ घण्टा वा ७ दिन प्रतिव्यक्ति ३०० ज्याला दिइने गरी जम्मा ४५०० रुपैयाँ ज्यालामा खर्च गरिएको पाइयो र २०७६ मा ७० जना आंशिक श्रमिक ५ जना घरपरिवार सदस्यले २१० घण्टा ३० दिन बराबर प्रतिव्यक्ति ७०० रुपैयाँ ज्याला दिइने गरी कामदार लगाएको पाइयो भने तिन वर्षको अवधिमा १४५ जना श्रमिकले ३९९ घण्टा काम गर्दा ज्यालाको रपमा ६४,७५० रुपैयाँ बराबर खर्च गरेको स्थलगत सर्वेक्षणबाट प्राप्त भएको हो ।

## तालिका ४.२८

## कार्की जैतुन फर्मको उत्पादन र रोजगारी प्रतिशतमा


| शीर्षक | २०७४ | २०७५ | २०७६ | कुल | प्रतिशत |
|---|---|---|---|---|---|
| उत्पादन | ५५० | ३०० | ७७० | १६२० | ४७.५ |
| रोजगारी | ५० | २० | ७५ | १४५ | ५१.७ |
| जम्मा | ६०० | ३२० | ८४५ | १७६५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.२८ मा कार्की जैतुन फर्मको उत्पादन र रोजगारीलाई प्रतिशतमा देखाइएको छ । जसअनुसार २०७४/७६ मा कुल उत्पादन १६२० के.जी. हुँदा (४७.५%) र १४५ जनाले रोजगारी पाउँदा (५१.७%) रोजगारी भएको पाइयो ।

माथिको तालिकाबाट २०७६ सालको उत्पादन र रोजगारीलाई तलको बृत्तचित्रमा पनि देखाइएको छ ।

**बृत्त चित्र नं. १**




स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

कार्की जैतुन फर्मद्वारा सञ्चालित जैतुन फर्मको २०७४/२०७६ सालको उत्पादन र रोजगारीलाई तालिका ४.२७ का आधारमा देखाइएको छ जसअनुसार उत्पादन ४७.५ प्रतिशत र रोजगारी ५१.७ प्रतिशत रहेको वृत्तचित्रबाट प्रष्ट हुन आउँछ ।

## तालिका ४.२९

## जैतुन कृषि सहकारी फर्मको रोजगारी विश्लेषण

| क.सं. | साल | श्रमिक संख्या | घण्टा | दिन | प्रतिव्यक्ति ज्याला | कुल ज्याला |
|---|---|---|---|---|---|---|
| १ | २०७४ | आंशिक श्रमिक २५ पूर्ण रुपमा घरपरिवारका सदस्य २ | १७५ | १० | २५० | ६७५० |
| २ | २०७५ | आंशिक श्रमिक १३ घर परिवार पूर्ण रुपमा २ | ९१ | ७ | ३०० | ४५०० |
| ३ | २०७६ | आंशिक श्रमिक ३४ पूर्ण रुपमा घरपरिवारका सदस्य २ | ३३८ | १५ | ७०० | २५२०० |
| | जम्मा | ७७ | ६०४ | ३ | | ३७४५० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.२९ मा जैतुन कृषि सहकारी फर्मको रोजगारीको अवस्थालाई देखाइएको छ जसमा २०७४ सालमा आंशिक रुपमा २५ जना र घरपरिवार वा २ जना श्रमिकले १० दिन १७५ घण्टा प्रतिदिन २५० रुपैयाँ ज्याला दिइने गरी श्रमिकहरु लगाइएको थियो जसमा कुल ज्याला वापतको खर्च ६,२५० खर्च भएको पाइयो । त्यसैगरी २०७५ मा १५ जना श्रमिकले ७ दिन ९१ घण्टा प्रतिदिन ३०० रुपैयाँ ज्याला पाउने गरी श्रमिकहरु लगाइएको थियो जसमा ज्याला वापत ३९०० खर्च भएको पाइयो र २०७६ मा ३५ जना श्रमिकले १५ दिन ३३८ घण्टा प्रतिदिन ७०० रुपैया ज्याला दिइने गरी श्रमिकहरु लगाइएको थियो जसमा कुल खर्च २९,८०० भएको स्थलगत सर्वेक्षणका क्रममा पाइयो ।

## तालिका ४.३०

## जैतुनकृषि सहकारी फर्मको उत्पादन र रोजगारी प्रतिशतमा


| शीर्षक | २०७४ | २०७५ | २०७६ | कुल | प्रतिशत |
|---|---|---|---|---|---|
| उत्पादन | २५० | ३१० | १३५० | १९१० | ७०.६ |
| रोजगारी | २७ | १५ | २० | ७७ | २५.९ |
| जम्मा | २७७ | ३२५ | १३७० | १९८७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.३० मा कार्की जैतुन फर्मको उत्पादन र रोजगारीलाई प्रतिशतमा देखाइएको छ । जसअनुसार २०७४/७६ मा कुल उत्पादन १९१० के.जी. हुँदा (७०.६%) र ७७ जनाले रोजगारी पाउँदा (२५.९%) रोजगारी भएको पाइयो ।

माथिको तालिकाबाट २०७६ सालको उत्पादन र रोजगारीलाई तलको बृत्तचित्रमा पनि देखाइएको छ ।

**वृत्त चित्र नं. २**




स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

जैतुन कृषि सहकारी फर्मद्वारा सञ्चालित जैतुन फर्मको २०७४/२०७६ सालको उत्पादन रोजगारीलाई तालिका ४.२८ का आधारमा देखाइएको छ। जस अनुसार उत्पादन ७०.६ र रोजगारी २५.९ प्रतिशत रहेको वृत्तचित्रबाट प्रष्ट हुन आउँछ।

## तालिका ४.३१

## जनप्रकाश उ.मा.वि. जैतुन कृषि फर्मको रोजगारीको अवस्था

| क.सं. | साल | श्रमिक संख्या | घण्टा | दिन | प्रतिव्यक्ति ज्याला | कुल ज्याला |
|---|---|---|---|---|---|---|
| १ | २०७४ | आंशिक श्रमिक ७० | ४२० | १५ | ५०० | ३५००० |
| | | पूर्ण रुपमा ७ | वार्षिक | | १३५०० | ९४५०० |
| २ | २०७५ | आंशिक श्रमिक ४५ | ३१५ | ७ | ७०० | ३१५०० |
| | | पूर्ण रुपमा ७ | वार्षिक | | १३५०० | ९४५०० |
| ३ | २०७६ | आंशिक श्रमिक ९० | २९७० | ३३ | १२०० | १०८००० |
| | | पूर्ण रुपमा ७ | वार्षिक | | १५३०० | १०७१०० |
| | जम्मा | २२६ | ३७०५ | | | ४७०६०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८।

तालिका ४.३१ मा जनप्रकाश उ.मा.वि.जैतुन कृषि फर्मको रोजगारीको अवस्था देखाइएको छ जहाँ २०७४ मा ७० जना आंशिक श्रमिक ७ जना पूर्णरुप श्रमिकहरुले १५ दिन १५ ४२० घण्टामा प्रतिव्यक्ति ५०० ज्याला दिइने गरी श्रमिक लगाएको देखाएको छ भने श्रमिक वापत कुल रु.१२४,५०० खर्च भएको पाइयो। त्यसैगरी २०७५ मा ४५ आंशिक ७ पूर्ण रुपमा श्रमिकहरुले ७ दिनमा ३१५ घण्टा काम गरेका छन् भने प्रतिव्यक्ति ज्याला आंशिक रुपमा काम गर्नेलाई रु. ७०० का दरले कुल ३१५०० र पूर्ण रुपमा काम गर्ने श्रमिकलाई ९४५०० गरी कुल रु.१२६००० ज्याला दिइएको पाइयो र २०७६ मा आंशिक र पूर्ण रोजगारीका ९७ जना श्रमिकले ३३ दिनमा २९७० घण्टा काम गरेको पाइयो जहाा प्रतिव्यक्ति १२०० आं)शिक कामदारको ज्याला र १५३०० पूर्णरुपमा काम गर्ने श्रमिकको ज्याला रहेको पाइयो भने ज्याला वापत २०७६ मा २१५,१०० खर्च गरेको स्थलगत सर्वेक्षणका आधारमा प्राप्त भयो।

## तालिका ४.३२

## जनप्रकाश उ.मा.वि. जैतुनकृषि फर्मको उत्पादन र रोजगारी प्रतिशतमा


| शीर्षक | २०७४ | २०७५ | २०७६ | कुल | प्रतिशत |
|---|---|---|---|---|---|
| उत्पादन | ३००० | ५७५ | ४५०० | ८०७५ | ५५.७२ |
| रोजगारी | ७७ | ९२ | ९७ | २२६ | ४२.९२ |
| जम्मा | ३०७७ | ६६७ | ४५९७ | ८३०१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.३२ मा कार्की जैतुन फर्मको उत्पादन र रोजगारीलाई प्रतिशतमा देखाइएको छ । जसअनुसार २०७४/७६ मा कुल उत्पादन ८०७५ के.जी. हुँदा (५५.७२%) र २२६ जनाले रोजगारी पाउँदा (४२.९२%) रोजगारी भएको पाइयो ।

माथिको तालिकाबाट २०७६ सालको उत्पादन र रोजगारीलाई तलको बृत्तचित्रमा पनि देखाइएको छ ।

**वृत्तचित्र नं. ३**




स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

जनप्रकाश उ.मा.वि. जैतुन कृषि फर्मद्वारा सञ्चालित जैतुन फर्मको २०७४/२०७६ सालको उत्पादन र रोजगारीलाई तालिका ४.२९ का आधारमा देखाइएको छ। जस अनुसार उत्पादन ५५.७२ प्रतिशत र रोजगारी ४२.९२ प्रतिशत रहेको वृत्तचित्रद्वारा प्रष्ट पारिएको छ।

**तालिका ४.३३**

**तिनओटा फर्मको खर्च, आम्दानी, नाफा २०७४, २०७५/२०७६**

| फर्मको नाम | खर्च | आय | नाफा |
|---|---|---|---|
| कार्की फर्म | ६४,७५० | ६८७,००० | ६२२,२५० |
| जैतुन कृषि सहकारी फर्म | ३३,९५० | ३९३,००० | ३५९,०५ |
| जनप्रकाश उ.मा.वि. जैतुन कृषि फर्म | ३७४,१०० | ३६१,९५,००० | ३५,८२०,९०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८।

तालिका ४.३३ मा तिनओटा फर्मद्वारा गरेको खर्च आम्दानी र नाफालाई देखाइएको छ। जसमा कार्की फर्मले तिन वर्षमा ६४,७५० खर्च ६८,७००० आम्दानी र ६२२,२५०० नाफा प्राप्त गरेको छ भने जैतुन कृषि फर्मले ३३९५० खर्च ३९३००० आम्दानी र ३५९०५ नाफा प्राप्त गरेको छ। त्यस्तै जनप्रकाश उ.मा.वि.जैतुन कृषि फर्मले ३७४१००० खर्च ३६१९५००० आय र ३५८२०९०० नाफा प्राप्त गरेको स्थलगत सर्वेक्षणका आधारमा प्राप्त भयो।

## ४.५ जैतुन फर्ममा देखिएका समस्याहरु (Problems in Olive Firm)

कुनै पनि फर्म व्यवसायमा वा संस्थामा सम्पूर्ण सकरात्मक पक्षहरु मात्र हुँदैनन्। यसका अतिरिक्त केही कमजोर एवम् सुधार गर्नुपर्ने पक्षहरुलाई समयमा नै पहिचान गरी उपचारात्मक पद्धति अपनाउन सकेमा फर्म अथवा व्यवसाय योजनाबद्ध रुपमा अगाडि बढि आगामी दिनमा बढी अवसर प्राप्त हुन्छ तसर्थ जैतुन फर्मको स्थलगत अध्ययन गरी सो बाट प्राप्त विवरणका आधारमा निम्नानुसार समस्याहरु रहेको पाइयो।

## क) प्रशोधन तथा बजारिकरणको व्यवस्था नहुनु

जैतुन खेतीका लागि व्यसायीहरुलाई तपाइको अनुभवमा जैतुन खेती गर्दा देखिएका मुख्य समस्या के के हुन् भनी प्रश्न गर्दा प्रशोधन गृह । मेशिन तथा उद्योगको स्थापना हुन नसक्नु सहजै तेल बिक्री वितरण गर्ने माध्यम नहुनु स्थानीयउ सरकारले तेल बिक्री वितरण र मेसिन आयातमा समन्वय गर्न नखोज्नु र पोष्ट हाभैष्ट सेन्टरको सथापना गरिए पनि उपयुक्त सहजीकरण नहुने भएकाले जैतुन खेती गर्ने कृषकहरु मारमा पर्ने गरेको पाइयो ।

## ख) सिंचाई सुविधा नहुनु

जैतुन खेती गरिएको क्षेत्रमा सिंचाइ कुलो, नहर, पानी, पोखरी, थोपा सिंचाइ, साना तथा मझौला सिंचाई जैतुत खेतीका लागि आवश्यक हुने भए तापनि सहजै उपलब्ध हुन नसकेका कारण जैतुन खेतीमा समस्या भएको व्यवसायीहरुले बताए ।

## ग) यातायात सुविधाको अभाव

जैतुन खेती बाजुरा जिल्लाको विकट उत्तरी भेगमा गरिएका कारणले यातायात सुविधा छैन, जैतुनको फल टिपेको २४ घण्टामा तेल उत्पादन गरिसक्नुपर्ने तर कोली क्षेत्रमा भएका मिलले धान्न नसक्दा नेपालगञ्ज पुऱ्याउनु पर्छ । भौगोलिक दुरिले विकट र टाढा र यातायातको साधन नहुँदा तेलको गुणस्तरमा कमी आउने गरेको कृषकहरुको गुनासो पाइयो ।

## घ) प्राकृतिक विपतका कारण आउने समस्या

जैतुन खेती प्रायः भिरालो र सुख्खा ठाउँमा गरिने भएकाले वर्षा याममा आउने अत्यधिक पानीका कारण पहिरोले जैतुनको बगैंचा नै बगाएर लैजाने र हावा र असिना पानीले फल झार्ने र फलमा चोट लाग्दा तेलको गुणस्तरमा ह्रास आउने समस्या भोग्नु परेको व्यवसायीले बताए ।

### ङ) तेल उत्पादन प्रक्रियामा समस्या

जैतुनबाट विभिन्न गुणस्तरका तेलहरु उत्पादन हुन्छन् ती मध्ये उच्च गुणस्तरको तेलको उच्च भाग छ भने तेल वितरण गर्ने कम्पनीले अन्य तेल पनि उत्पादन गर्न लगाउने तर बिक्री गर्न नसकिने हुँदा घरासायी प्रयोजनमा मात्र सीमित हुने भएकाले आफ्नो लागत बढी हुने गुनासो कृषकहरुबाट पाइयो ।

### च) आधुनिक जातका बिरुवाको अभाव

जैतुन खेती गर्ने नयाँ कृषकको लागि बिरुवाको अभाव पनि पाइयो । जैतुन विकास केन्द्रले बिरुवा उत्पादनमा चासो नराख्नु नर्सरी सथापनाका लागि बजेटको अभाव स्थानीय कृषि शाखा र जैतुन विकास केन्द्रसँग समन्वय नहुनाले बिरुवाको अभाव हुने गरेको व्यवसायीहरुले बताए ।

## ४.६ अध्ययनको सारांश (Summary of the Study)

प्रस्तुतअध्ययन बाजुरा जिल्लाको बुढिनन्दा नगरपालिका वडा नं. ३, १ र जगनाथ गाउँपालिका वडा नं. १ र २ मा सञ्चालन जैतुन खेतीको उत्पादन र रोजगारीको विश्लेषण गर्नका लागि सुक्ष्म र गहन अध्ययन गरिएको थियो । जैतुन खेती उत्पादनको वर्तमान अवस्था । जैतुन खेतिले प्रदान गरेको रोजगारको विश्लेषण गर्नु । यस अध्ययनका उद्देश्यहरु रहेका छन् । उद्देश्य पूरा गर्नका लागि बाजुरामा सञ्चालन भएका १४ ओटा फर्म मध्ये राम्रो उत्पादन भएका सामान्य सम्भावना युक्त नमुना छनोट विधि अन्तर्गत चिठ्ठा प्रणालीबाट कार्की जैतुन फर्म, जैतुन कृषि सहकारी फर्म र जनप्रकाश उ.मा.वि. कृषि जैतुन फर्म नमुनाको रुपमा छनोट जैतुन फर्म नमुना छनोट जैतुन व्ययवसायको उत्पादन, रोजगार खर्च र नाफाबाट प्राप्त आयको क्षेत्रगत लगानीका बारेमा विविध शीर्षकहरु निर्माण गरी तथ्यांक संकलन गरिएको थियो । यसमा प्राप्त गरिएको प्राथमिक र द्वितीय तथ्यांकका आधारमा विवरणको विरश्लेषण गर्नका लागि विश्लेषणात्मक र व्याख्यात्मक विधि अपनाइएको थियो । प्राथमिक तथ्याङ्कका लागि नमूनाको रुपमा छनोट गरिएका फर्म व्यवसायी र फर्मका श्रमिकलाई विविध प्रश्नावली छलफलको माध्यमबाट अन्तर्वार्ता र लक्षित समूह छलफल सञ्चालन गरिएको थियो भने द्वितीय तथ्यांक संकलन गर्नका लागि,

जि.वि.स. को कार्यालय, आर्थिक सर्वेक्षण, खाद्य तथा गुणस्तर विभाग, नगरपालिकाको कार्यालय, जैतुन जोन केन्द्र पिलुचौर, जैतुन विज्ञका लेख, रचना, पत्रपत्रिकामा प्रकाशित रिपोर्टहरु लगायत प्रकाशित तथा अप्रकाशित तथ्यांकको सहायता लिएको थियो । यसरी तथ्यांकलाई तालिकाका माध्यमबाट विश्लेषणात्मक तरिकाले प्रस्तुत गरी नतिजा निकालिएको छ । जसको सारांशलाई निम्नानुसार बुँदाबद्ध गरिएको हो ।

१. यस अध्ययनको नमुना छनोटमा परेका तिन ओटा फर्म मध्ये जनप्रकाश उ.मा.वि. जैतुन कृषि फर्म २०५२ सालबाट र अन्य दुई ओटा क्रमशः २०७०/२०७२ बाट जैतुन खेती व्यवसाय सञ्चालन गरेको पाइयो ।

२. २०५२ सालमा नेपाल सरकार र इटली सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा जनप्रकाश मा.वि.को ३ हेक्टर क्षेत्रफलमा केही जङ्गली र केही आधुनिक जातका गरी जम्मा ७०० ओटा बिरुवा रोपेर नेपालमा जैतुन खेतीको सुरुवात गरेको पाइयो ।

३. अन्य दुईओटा फर्ममध्ये कार्की जैतुन फर्ममा जनप्रकाश उ.मा.वि.बाट ५० ओटा आधुनिक प्रजातिका बिरुवा लगेर ०.५ हेक्टर आफ्नै भिरालो जमिनमा जैतुन खेती सुरु गरिएको पाइयो । त्यसैगरी २०७२ बाट जैतुन कृषि सहकारीले समूहका सदस्यहरुको आ-आफ्नो जमिन कुल १ हेक्टर क्षेत्रफलमा १५० ओटा बिरुवा रोपेर खेती सञ्चालन गरेको पाइयो ।

४. अध्ययन गरिएका फर्महरुमा जैतुनका २८ ओटा जातहरु मध्ये नेपालमा सफल भएका जातहरु : अस्कोलाना, तोचेलारा, कोराहिना, लेचिनो, पेण्डोलिनोका बिरुवा लगाएको पाइयो ।

५. स्थलगत सर्वेक्षणका आधारमा जैतुन फर्ममा सिंचाई सुविधा भएको ठाउँमा माघ-फागुन देखि साउन-भदौसम्म बिरुवा लगाउन सकिने र सुक्खा क्षेत्रमा जेठ महिना पछि बिरुवा रोप्न सकिने र जैतुनको फल साउन-भदौमा विया छिपिन्छ र असोज-कार्तिकमा पाक्ने र टिप्न योग्य हुने जानकारी प्राप्त भयो ।

६. काकि जैतुन फर्मको वर्तमान अवस्थालाई विश्लेषण गर्दा १ हेक्टर क्षेत्रफलमा ११० ओटा जैतुनका बिरुवा रहेको र २०७० सालदेखि कैही बिरुवाले उत्पादन सुरु गरेको र केही नयाँ बिरुवा रोपेर व्यवसायिक खेती सुरुवात गरेको पाइयो भने २०७४ सालमा ५५० केजी फल उत्पादन र ११० लिटर उच्च गुणस्तरको तेल उत्पादन गरेको पाइयो । त्यसैगरी २०७५ मा ३० केजी फल उत्पादन ७० लिटर तेल उत्पादन गरेको पाइयो र २०७६ मा ७७० केजी फल उत्पादन र १५८ लिटर तेल उत्पादन भएको पाइयो ।

७. तिन ओटा फर्मको पारिवारिक विवरण हेर्दा कार्कि फर्ममा ७ जना जसमा ४ पुरुष ३ महिना जसमध्ये ५ जना आधारभूत तहको शिक्षा प्राप्त गरेका र २ जना माध्यकि तहको शिक्षा प्राप्त गरेको पाइयो । जैतुन कृषि सहकारीमा सदस्य संख्या ७० जना रहेका छन् जसमा २५-६० वर्ष उमेरसमूहका व्यक्तिहरु संलग्न छन्, जसमा ४० महिला ३० पुरुष रहेका छन् । त्यसमध्ये ५० जना साक्षर र २० जना निरक्षर भएको पाइयो । जनप्रकाश उ.मा.वि.मा भने संस्थागत रुपमा व्यक्तिहरुको संलग्नता रहेको पाइयो ।

८. अध्ययनको नमुना छनोटमा परेका फर्महरुले आफ्नो जग्गामा मात्र जैतुन खेती गरिउको पाइयो भने सामान्य लगानीमा खेती सुरु गरिएको व्यवसायीहरुसँगको अन्तरक्रियाको माध्यमबाट पत्ता लगाइयो ।

९. नमुना छनोटमा परेका फर्महरुको रोजगारीको अवस्थालाई हेर्दा कार्की जैतुन फर्ममा २०७४ सालमा आंशिक श्रमिक ४५ जना र घरपरिवारका सदस्य ५ जना संलग्न भ‍ै २० दिनमा १४० घण्टा प्रति श्रमिक २५० ज्याला दिइने गरी जम्मा ११,२५० रुपैया ज्याला वापत खर्च गरेर उत्पाद गरेको पाइयो । २०७५ सालमा आंशिक श्रमिक १५ जना र घर परिवारका ५ जना संलग्न भई ७ दिनमा ९८ घण्टा प्रति श्रमिक ३०० ज्याला दिने गरी जम्मा ४५०० रुपैयाँ खर्च गरी उपलब्ध गरेको पाइयो भने २०६ मा आंशिक श्रमिक ७० जना लगाएर ३० दिनमा २१० घण्टा प्रति श्रमिक ७०० रुपैयाँ ज्याला दिई उत्पादन गर्ने गरेको पाइयो ।

१०. जैतुन कृषि सहकारी फर्मको रोजगारीको अवस्थालाई हेर्दा २०७४ सालमा २५ जना आंशिक श्रमिकमा संलग्न भई १० दिनमा १७५ घण्टा प्रति श्रमिक २५० ज्याला दिइने गरी जम्मा ७२५० रुपैयाँ ज्याला वापत खर्च गरी उत्पाद गरेको पाइयो । त्यसैगरी २०७५ सालमा १३ जना आंशिक र अरु सहकारिका सदस्य संलग्न भई प्रति श्रमिक ३०० ज्याला दिई कुल ३,९०० रुपैयाा खर्च गरी उत्पादन गरेको पाइयो भने २०७६ मा आंशिक श्रमिक ३४ जना र सहकारिका सदस्यहरुको सहभागितामा १५ दिनमा ३३८ घण्टा प्रतिश्रमिक ७०० ज्याला दिइने गरी कुल २३,८०० लागतमा उत्पादन गरेको पाइयो ।

११. जनप्रकाश उ.मा.वि.को रोजगारको अवस्थालाई हेर्दा २०७४ सालमा आंशिक श्रमिक ७० जना र पूर्ण रुपमा ७ जना श्रमिक रहेको पाइयो भने आंशिक श्रमिकले १५ दिनमा ४२० घण्टा प्रति श्रमिक ५०० ज्याला दिई कुल ३०,००० लागत लागेको र पूर्ण रुपमा काम गर्ने श्रमिकहरुलाई प्रतिमहिना १३५०० का दरले वार्षिक ९४५०० बराबर कुल लागत लागेको पाइयो । त्यसैगरी २०७५ सालमा ४५ जना आंशिक र ७ जना पूर्ण रोजगार मध्ये आंशिकले ७ दिनमा ३१५ घण्टा प्रति ७०० ज्याला दिइने गरी कामदार लगाइएको भने पूर्ण रोजगार गर्ने श्रमिकलाई ९४५०० बराबर लागत लागेको पाइयो । २०७६ मा आंशिक श्रमिक ९० जनाले ९९ दिनमा २९७० घण्टा प्रतिव्यक्ति १२०० का दरले ज्याला दिइने गरी लगाइएको पाइो भने वार्षिक रुपमा काम गर्ने श्रमिकलाई प्रति महिना १५३०० का दरले १०,७१०० बराबरको लागत लागेको पाइयो ।

१२. कार्की जैतुन फर्मले३ वर्षमा ३२८ लिटर तेल उत्पादन गरेको पाइयो । त्यसैगरी ज्रैतुन कृषि फर्मले २ वर्षमा १३१ लिटर तेल उत्पादन गरेको पाइयो र जनप्रकाश उ.मा.वि.ले ३ वर्षमा १२०६५ लिटर उत्पादन गरेको पाइयो ।

१३. ३ ओटा फर्मको खर्च नाफा र आम्दानीको अवस्थालाई हेर्दा कार्की फर्मले ३ वर्षमा कुल खर्चरु. ६४७५० गर्दा जम्मा आय रु.६८७००० र नाफा रु.६२२२५० गरेको पाइयो । त्यसैगरी जैतुन सहकारी फर्मले ३ वर्षमा कुल खर्च रु.३३,९५० गरी आय रु. ३९३००० र नाफा रु. ३५९।०५ भएको पाइयो ।जनप्रकाश उ.मा.वि. कुल खर्च रु.३७४१००, आय रु. ३६१९५००० र नाफा रु. ३५,८२०,९०० भएको पाइयो ।

१४. जैतुन खेती कम लागतमा र अन्य बाली उत्पादन नहुने भिरालो जमिनमा लगाएर व्यवसायिक रुपमा सञ्चालन गर्न सकिने खेती भएता पनि प्रचार प्रसार अभाव र विभिन्न प्राविधिक समस्याका कारण व्यवसायिक रुपमा सफल हुन नसकेको पाइयो ।

# अध्याय पाँच (Chapter Five)

## ५. निष्कर्ष र सुझाव (Conclusion and Recommendations)

जैतुन फर्मको उत्पादन तथा रोजगार विश्लेषण अन्तर्गत यस अध्ययनमा बाजुरा जिल्ला बुढिनन्दा नगरपालिका ३.१ र जगनाथ गाउँपालिका अन्तर्गत १, २ स्थित कार्की जैतुन फर्म, जैतुन कृषि सहकारी र जनप्रकाश उ.मा.वि. जैतुन कृषि फर्मको उत्पादन र रोजगारीको विश्लेषण गरिएको छ । यस अधयनको उद्देश्य परिपूर्ति गर्नका लागि विभिन्न विषयवस्तुको उठान तथा तथ्यपरक सूचना समावेश गर्ने प्रयास गरिएको छ । यस अधयनमा अध्ययनको विश्लेषणका आधारमा पत्ता लगाइएका निष्कर्ष र आवश्यक सुझावहरुलाई क्रमैसँग प्रस्तुत गरिएको छ ।

## ५.१ निष्कर्ष(Conclusion)

बाजुरा जिल्लामा धेरैजसो भूभाग भिरालो र सिंचाइ सुविधाको प्रयाप्त पहुँच नभएको जग्गा बढी भएकाले र थोरै लगानीमा खेती वा व्यवसाय गर्न सकिने एक पटक रोपेको बिरुवाले २० औं वर्षसम्म उत्पादन दिई रहने हुनाले र जैतुनको तेल बजारमा उच्च माग भएकाले यस खेतीको व्यवसायीको जिवनयापनमा सकरात्मक प्रभाव पारेको देखिन्छ । आजको आधुनिक एवं वैज्ञानिक प्रविधिको युगमा व्यवसायीहरु कम लागतमा उच्च र दिगो प्रतिफलको आशमा उत्पादन गरी मुनाफा आर्जन गर्न र गुणस्तरीय जिवनयापन गर्नका लागि यस खेतीमा संलग्न भएको पाइन्छ । तसर्थ यस्तो अवस्थामा जैतुन खेतीको वर्तमान अवस्था, उत्पादन एवम् रोजगारीको स्थिति बारे जानकारी हासिल गर्न बाजुरा जिल्ला बुढिनन्दा नगरपालिका र जगनाथ गाउँपालिका अन्तर्गत तिन ओटा फर्मद्वारा सञ्चालित जैतुन फर्मको प्रत्यक्ष अवलोकन गरी उक्तफर्ममा श्रमिक, व्यवसायीको जवाफबाट प्राप्त द्वितीय तथ्यांकहरुको अध्ययन एवं विश्लेषण साथै अध्ययनको सारांश अनुरुपको निष्कर्षलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

१. कार्की जैतुन फर्म २०७० सालमा बिना लागत आफ्नो भिरालो र अन्य बाली उत्पादन नहुने १ हेक्टर जमिनमा ११० ओटा आधुनिक जातका जैतनुको बिरुवा रोपेर जैतुन खेतीको सुरुवात पाइयो । जैतुन कृषि सहकारी ५० ओटा बिरुवा

सहकारीका सदस्यहरुले ०.५ हेक्टर जमिनमा बिरुवा रोपेर सुरुवात गरेको र जनप्रकाश उ.मा.वि.मा २०५२ सालमा इटली सरकार नेपाल सरकारको संयुक्त प्रयासमा ३ हेक्टर जमिनमा केही जंगली र केही आधुनिक जातका जैतुनका बिरुवा रोपेर जैतुन खेती गरेको पाइयो ।

२. कार्की जैतुन फर्मको फल उत्पादन ३ वर्षको १६२० केजी, जैतुन सहकारी फर्मको उत्पादन २३५० केजी र जनप्रकाश उ.मा.वि.को ८,०७५ उत्पादन भएको पाइयो ।

३. कार्की जैतुन फर्मले ३ वर्षमा ३२८ लिटर तेल उत्पाद गरेको छ । त्यसैगरी जैतुन कृषि फर्मले ४१३१ लिटर र जनप्रकाशले १२०६५ लिटर तेल उत्पादन गरेको पाइयो ।

४. कार्की जैतुन फर्मले ३ वर्षको अवधिमा १४५ जना कामदार लगाई ५७ दिनमा ३९९ घण्टा रोजगार दिइएको पाइयो भने । जैतुन कृषि फर्मले ७७ जना श्रमिकलाई ३२ दिन ६०४ घण्टा रोजगार दिइएको पाइयो । जनप्रकाश माविले २१० जना आंशिक रोजगार५५ दिन ३७०५ घण्टा दिइएको ७ ज्यालालाई नियमित रुपमा रोजगार दिएको पाइयो ।

५. कार्की जैतुन फर्मले ३ वर्षमा प्रतिलिटर तेल रु. ३००० का दरले बिक्री गरेर रु. ६८७००० आय प्राप्त गरेको पाइयो । जैतुन कृषि सहकारीले जम्मा १३१ लिटर तेल बिक्री गरेर रु. ३९३००० र जनप्रकाशले १२०६५ लिटर तेल बिक्री गरेर रु. ३६१९६००० आय प्राप्त गरेको पाइयो ।

६. कार्की जैतुन फर्मले ६४७५०, कुल खर्च, रु. ६८७००० आम्दानी र नाफा ६२२२५०, जैतुन सहकारी फर्मले ३३०५० कुल खच आम्दानी रु. ३९३००० नाफा ३५९.०५ र जनप्रकाशले तिन वर्षमा खर्च ३७४१००, आम्दानीरु.३६१९५००० वा ३५८२०९०० नाफा भएको निष्कर्ष प्राप्त भयो ।

७. जैतुन फर्ममा प्रशोधन तथा बजारिकरणको व्यवस्था नहुनु, आधुनिक मिलको अभाव, भण्डारणको समस्या, सिंचाई सुधिवाको अभाव, उत्पादन प्रक्रियामा अन्योल,

यातायातको साधनको अभाव, आधुनिक जातका बिरुवाको अभाव जस्ता समस्याहरु विद्यमान रहेको पाइयो ।

८. समग्रमा यस अध्ययन पश्चात, जैतुन फर्ममा गरिएको न्यून लगानी, न्यून श्रमिकबाट पनि एक वर्ष लगाएको बिरुवाले २० औं वर्षसम्म उत्पाद दिने भएकाले व्यवसायीको आर्थिक स्थिति सुधार्न सहयोग पुग्ने देखिन्छ ।

## ५.२ सुझाव (Recommendations)

नेपालमा एक कृषिप्रधान देशका साथै अधिकांश जसो भिरालो र सुख्खापन भएको देश हो । त्यसैले अन्य बाली उत्पादन नहुने सुख्खा र भिरालो पाखाहरुमा न्यून लागतमा जैतुन खेती गर्न सकिने र एक पटक रोपेको बिरुवाले वर्षौंसम्म उत्पादन दिइराख्ने भएकाले जैतुन तेलको महत्व र फाइदाहरुको बारेमा प्रचार प्रसार गरी जैतुन खेती हुन सक्ने ठाउँहरुमा यसको खेतीलाई विस्तार गरेर कृषकको आयस्तरमा बृद्धि गराउन तर्फ लाग्नुपर्दछ । व्यवसायिक रुपमा जैतुन खेती सञ्चालन गर्दा भेल्नुपरेको समस्याहरु र ती समस्याका समाधानका उपायहरु के के हुन भन्ने बारेमा केही सुझावहरु बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

### ५.२.१ नितिगत सम्बन्धी सुझाव (Policy Related Recommendation)

जैतुन खेतीको उत्पादन र रोजगारीको विश्लेषण गर्ने क्रममा नमुना छनोटमा परेका तिन ओटा फर्महरु कार्की जैतुन फर्म जैतुन सहकारी फर्म र जनप्रकाश उ.मा.वि. जैतुन कृषि फर्मको उत्पादन र रोजगारी विश्लेषण गर्रा सोही आधारमा उक्त फर्मको वा जैतनु खेतीमा सबैको आकर्षण बढाउनका लागि नीतिगत रुपमा निम्नानुसारका सुझावहरु पेश गरिएको छ ।

१. व्यवसायिक रुपमा जैतुन खेती गर्नका लागि केन्द्रबाट वितरण गरिएको अनुदानको सही सदुपयोग भए नभएको अनुगमन र मूल्यांकन गर्ने व्यवस्था गरिनुपर्दछ ।

२. कर्मचारी र व्यसायीहरुको मनोबल बढाउनका Performance based incentive को कार्यविधि लागू तथा परिमार्जन गर्नुपर्ने,

३. क्षेत्र विस्तारमा जान सकिने गाउँपालिका तथा नगरपालिकाको यकिन हुनुपर्ने,

४. जैतुन केही भाग जंगली अवस्थामा रहेकाले जंगली जैतुनको संरक्षण र विस्तारका एवं आधुनिक जातहरुको विस्तारको लागि मन्त्रालय तहमा कृषि वा वातावरण पशु अर्थ लगायतका मन्त्रालयहरुको छुट्टै समन्वयात्मक बैठक सञ्चालन गरी आफू निकटका कार्यालयहरुलाई सोही अनुसार निर्देशन गरिनुपर्दछ,

५. आधुनिक जातको क्षेत्र विस्तार एवं जंगली जातको संरक्षणको लागि एकमुष्ट अनुदान बजेटको उपलब्ध गराउनु पर्ने,

६. भौगोलिक विकटतामा कार्य गर्ने कर्मचारीहरुको सेवा सुधिवामा थप व्यवस्था गरिनुपर्दछ,

७. कर्मचारी र व्यसायीहरुलाई प्रोत्साहन गर्नका लागि भ्रमण र भत्ताको व्यवस्था गरिनु पर्दछ,

८. जैतुन खेतीमा समय समयमा देखिने विभिन्न रोगहरुको निराकरण गर्नका लागि कृषि मन्त्रालय र जिल्ला कृषि शाखा, कृषिविभागहरु विच समन्वय गरी विज्ञहरुको घुम्ती टोली खटाउने व्यवस्था गर्नुपर्दछ,

९. स्थानीय सरकारले व्यवसायीसँग समन्वय गरेर आधुनिक उच्च क्षमताको मिलको स्थापना गर्नुपर्दछ,

१०. जैतुन जोन केन्द्रलाई अनुदानको व्यवस्था गरिनुपर्दछ,

११. केन्द्रबाट विनियोजन गरिएको अनुदानलाई जैतुन जोन केन्द्रले निश्पक्ष रुपमा व्यवसायीहरुलाई वितरण गरिनुपर्दछ ।

## ५.२.२प्रयोगात्मकक्षेत्रसँगसम्बन्धितसुझावहरु(PracticeRelatedRecommendations)

आजको वर्तमान समयमा व्यवसायीहरु कम लागतमा दिगो र उच्च आम्दानी हुने व्यवसाय गर्न आकर्षित हुन्छन् । त्यसेले जैतुन खेती दिगो रुपमा उत्पादन दिने भएकाले यस

खेतीमा कृषकहरुलाई आकर्षण गर्न सकेमा कृषकहरुको र व्यवसायीको जिवनस्तरमा सधार हुने देखिन्छ । समग्रमा जैतनु खेतीको प्रयोगात्मक पक्षसँगथ सम्बन्धित सुझावहरुलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

१. जैतुन खेतीमा आवद्ध व्यवसायी कृषकले आफ्नो फर्म अनिवार्य रुपमा जैतुन जोन केन्द्रमा दर्ता गराई मात्र फर्म सञ्चालन गर्नुपर्दछ जसबाट जैतुन व्यवसायमा देखा पर्ने समस्याको समाधानका लागि सहायता प्राप्त हुन्छ ।

२. जैतुन खेतीको व्यवसायलाई अगाडि बढाउन वा कृषकलाई आकर्षित गर्नका लागि अनुदानको व्यवस्था हुनुपर्ने देखिन्छ ।

३. व्यवसायीहरुले स्थानीय जातको जैतुन भन्दा आधुनिक जातका र बाजुरामा सुहाउँदो जातको जैतुनको खेती गर्नुपर्ने देखिन्छ ।

४. जैतुन खेती गर्ने कृषक तथा कामदारले जैतुनको भण्डारण गर्ने तेल उत्पादन गर्ने जस्ता पक्षहरुको लागि आवश्यक तालिम लिनुपर्ने देखिन्छ ।

५. जैतुन व्यवसायमा संलग्न कृषकहरुले समय समयमा जैतुन व्यवसायमा देखिने समस्याका लागि जैतनु जोन केन्द्रसँग समन्वय बढाउनुपनृ देखिन्छ ।

## ५.२.३आगामीअनुसन्धानसँगसम्बन्धितसुझावहरु(FurtherRelated Recommendation)

कृषि क्षेत्र अन्तर्गत तेल बाली जैतुन खेतीको उत्पादन र रोजगारीको अवस्था विशलेषण गरी अनुपात पत्ता लगाउने क्रममा बाजुरा जिल्ला बुढिनन्दा नगरपालिका वार्ड नं. ३, १ र जगनाथ गाउँपालिका वडा नं. २, १ का नमुना छनोटमा परेका तिनओटा जैतुन बगैंचाबाट आवश्यक तथ्यांक संकलन गरी सोही आधारमा अध्ययन कार्यलाई अगाडि बढाइयो र यी तिओटा फर्म सम्बन्धित रहेकाले जैतुन खेतीलाई व्यवसायिक रुपमा प्राथमिकता दिई अध्ययन गर्न चाहने अन्य अनुसन्धानकर्ताले निम्न बुँदालाई आधार बनाउन सक्ने देखिन्छ ।

१. जैतुन खेतीको लागत लाभ विश्लेषण सम्बन्धी अनुसन्धान गर्न सकिनेछ ।

२. व्यवसायिक जैतुन खेतीले स्थानीय कृषकको आर्थिक एवं शैक्षिक क्षेत्रमा पारेको प्रभाव सम्बन्धी अनुसन्धान गर्न सकिनेछ।

३. नेपालमा जैतुन खेती हुने सम्भावित क्षेत्रको पहिचान सम्बन्धी अध्ययनगर्नसकिन्छ।

४. जैतुन खेतीले सम्बन्धित स्थानीय तहको विकासमा पुऱ्याउने सहयोग सम्बन्धी अनुसन्धान गर्न सकिन्छ।

# सन्दर्भ सूची (Reference)


अर्याल, डोर बहादुर (१९९९), *थानकोट क्षेत्रको ब्रोइलर फर्मको लागत लाभ विश्लेषण एक अध्ययन,* मानविकी संकाय, स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

काफ्ले, अरुण, *नेपालमा जैतुन खेती सम्भावना तथा चुनौती,* अप्रकाशित सामग्री ।

कँडेल, विष्णुमाया (२०६९), *तरकारी खेतीले स्थानीय जनताको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव एक अध्ययन,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर ।

खतिवडा, इश्वरी (२०७२), *तरकारी खेतीले कृषकहरुको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र  शिक्षा विभाग, , शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

खड्का, शेरबहादुर (२०७०), *उखु खेतीर चिनी उद्योगको आर्थिक उपलब्धि र पर्यावरणीय प्रभाव एक अध्ययन,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर ।

खनाल, प्रकाश देव (२०७०), *उखु खेती र चिनी उद्योगको उपलब्धी,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र  शिक्षा विभाग, , शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

जैतुन जोन केन्द्र (२०७६), जैतुन जोन प्रतिवेदन, बाजुरा, २०७६ ।

ढकाल, बुद्धिराज (२०६२), *जैतन खेती प्राविधिक निर्देशिका,* कीर्तिपुर, काठमाडौं : फलफूल विकास निर्देशनालय ।

ढकाल, बुद्धिराज (२०७३), *जैतन खेती प्राविधिक निर्देशिका,* कीर्तिपुर, काठमाडौं : फलफूल विकास निर्देशनालय ।

ढकाल, बुद्धिराज (२०७६), *जैतन खेती प्राविधिक निर्देशिका,* कीर्तिपुर, काठमाडौं : फलफूल विकास निर्देशनालय ।

ढकाल, बुद्धिराज (२०७३), *जैतुन जात पहिचान, विधि तथा जातीय विवरण,* काठमाडौं : जीएस प्रिन्ट एन्ड मिडिया सर्भिस ।

ढुङ्गाना, हेमराज (२०७३), *कृषिजन्य उत्पादनबाट प्राप्त आयले किसानको पारिवारिक आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र  शिक्षा विभाग, , शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

थापा, खिलबहादुर (२०७०), *वैदेशिक रोजगारले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव,* काठमाडौं : अप्रकाशित शोधपत्र त्रि.वि. शिक्षामा सङ्काय, अर्थशास्त्र शिक्षा विभाग, कीर्तिपुर ।

दाहाल, कुलराज (२०६३), *गरिबी निवारणमा वैदेशिक रोजगारीको भूमिका, दमाचौर गाउँ विकास समिति, सल्यान,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, केन्द्रीय विभाग कीर्तिपुर ।

दाहाल, महेशराज र पौडेल, मीनराज (२०६७),*आर्थिक विश्लेषण,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

प्रतिवेदन (२०७५), *जिल्ला विकास समिति कार्यालय,* बाजुरा ।

पौडेल, मिनराज (२०७३), *नेपालको अर्थव्यवस्था,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

भण्डारी, जनेश (२०७३), *जैतुन खेती अभ्यास र प्रविधि,* गंगा प्रिन्टर्स तथा वितरक ।

भण्डारी, जनेश (२०७४), *जैतुन खेती अभ्यास र प्रविधि,* गंगा प्रिन्टर्स तथा वितरक ।

भण्डारी, सिता (२०६९), *आलु खेतीको वर्तमान अवस्था र यसले शैक्षिक क्षेत्रमा पारेको प्रभाव,* अप्रकाशित शोधपत्र अर्थशास्त्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

वार्षिक प्रगति प्रतिवेदन एवम् जोन प्रोफाइल पुस्तिका आ.व. २०७५, बाजुरा : परियोजना कार्यान्वयन इकाई, पिलुचौर ।

वार्षिक प्रगति तथा जैतुन खेती प्रविधि पुस्तिका-२०७६, बाजुरा : परियोजना कार्यान्वयन इकाई, पिलुचौर ।

हमाल, भोलानाथ (२०७१), *सूर्तिखेतीको लागत लाभ विश्लेषण,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र  शिक्षा विभाग, , शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

IOOC (2015). http://www.internationaloliveail.org, 2077 Chaitra 28.

FAO (२०११), TCP/NEP 6713, Kathmandu.

## अनुसूची-१

## जैतुन खेती गर्ने कृषकका लागि तयार पारिएको प्रश्नावली

घरमुलीको नाम थर ..........................

लिङ्ग .......................... उमेर .......................

नगरपालिका ...........................वार्ड नं. .......................जिल्ला..................

१. सरकारले जैतुन खेतीका लागि प्रति वर्ष कति रकम विनियोजन गरेको छ ?

....................................................................................................

२. वर्तमान समयमा जैतुनको तेल उत्पादन अवस्था कस्तो रहेको छ ?

....................................................................................................

३. वर्तमान समयमा सरकारले प्रति लिटर तेलको मूल्य निर्धारण कति गरेको छ ?

....................................................................................................

४. कृषकहरुलाई जैतुन खेती प्रति आकर्षित गर्न कस्ता योजनाहरु तयार गरेको छ ?

....................................................................................................

५. सरकारले प्रति वर्ष कति जैतुनका बिरुवा रोप्ने लक्ष्य लिएको छ ?

....................................................................................................

६. जैतुन खेतीलाई व्यवसायिक रुपमा सफल बनाउन सरकारले प्रचार-प्रसारको व्यवस्था कस्तो गरेको छ ?

....................................................................................................

७. जैतुन तेलको प्रतिलिटर मूल्य कति रहेको छ ?

....................................................................................................

८. जैतुनको एउटा बिरुवाले अधिकतम कति सम्म उत्पादन दिन्छ ?

....................................................................................................

९. जैतुन तेलको बजार माग र मूल्य कस्तो रहेको छ ?

....................................................................................................

१०. जैतुन खेतीमा कति संख्यामा महिला र पुरुष संलग्न रहेका छन् ?

.........................................................................................

११. जैतुनको बगैंचामा परिवारका कति संख्याले आंशिक र पूर्णकालीन रोजगारी गर्छन् ?

.........................................................................................

## अनुसूची - २

## लक्षित समूह छलफलका लागि तयार पारिएको प्रश्नावली

१. जैतुन खेती कहिले र कसरी गरिन्छ ?

२. जैतुनको बजार माग र मूल्य कति छ ?

३. जैतुन खेतीलाई व्यवसायिकरण गर्नका लागि सरकारी पक्षले कस्ता योजना बनाउनु पर्ने देख्नुहुन्छ ?

४. यो व्यवसायमा अझ सुधार गर्नुपर्ने पक्षहरु के के छन् ?

५. जैतुन खेतीमा देखापर्ने मुख्य रोगहरु के-के हुन् ?

६. यो व्यवसाय सञ्चालन गर्नका लागि सरकारबाट कति अनुदान पाउनु भएको छ ?

७. जैतुन खेती गर्दा आइपर्ने समस्याहरु के के हुन् ?

## अनुसूची-३

## तस्वीहरु





जनप्रकाश उ.मा.वि.जैतुन फर्मबाट संकलन गरिएका तस्वीरहरु





जैतुन कृषि सहकारी फर्मबाट संकलन गरिएका तस्वीरहरु





**कार्की जैतुन फर्मबाट संकलित बगैंचाका तस्वीरहरु**